मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६
एकदिने दही तथा पनिर बनाउने तालिमसम्बन्धी सूचना
तालिम कार्यक्रम
तालिम सुरू : २०८२ चैत २१ गते
समय : बिहान १०:०० बजेदेखि
स्थान : सहकारी भवन
सहभागी शुल्क : ३००।- प्रतिव्यक्ति
सहभागी सङ्ख्या : २५ जना
अन्तिम दर्ता मिति : २०८२ चैत १९ गतेभित्र
आयोजक : कृषि उपसमिति



★ वर्ष : २८ ★ अङ्क : ५३ ★ ने. सं. ११४६ चिल्ला गा, त्रयोदशी ★ मङ्गलबार ★ ३ चैत, २०८२ ★ March 17, 2026, Tuesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


# होर्मुज बन्द: विश्व बजारमा दबाब



तेहरान, २ चैत (एएफपी) । इरानले कच्चा तेल आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्व ऊर्जा बजारमा तीव्र दबाब देखिएको छ ।

अमेरिका-इजरायलसँग जारी युद्धको प्रतिउत्तरस्वरूप इरानले खाडी क्षेत्रको यो प्रमुख जलमार्ग बन्द गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य एकाएक ४० देखि ५० प्रतिशतसम्म उक्लिएको छ । युद्ध तेस्रो हप्तामा प्रवेश गरिरहँदा कच्चा तेलको मूल्य सोमबार करिब १०० डलर आसपास पुगेको देखिएको छ ।

ट्रम्पले संयुक्त राज्य अमेरिका इरानसँग वार्तामा रहेको भए पनि तेहरान तत्काल युद्ध अन्त्य गर्ने सहमतिमा पुग्ने अवस्थामा नदेखिएको बताए । यसअघि इरानका विदेशमन्त्रीले वासिङ्टनसँग कुनै पनि प्रकारको वार्ता अस्वीकार गरिएको बताएका थिए ।

इरानलाई हराइसकेको दाबी गरेको अमेरिकी राष्ट्रपतिले चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतजस्ता देशहरूलाई स्ट्रेट अफ होर्मुज हुँदै जाने तेल ट्याङ्करहरूको सुरक्षाका लागि नौसैनिक पठाउन हारगुहार गरिरहेका छन् । संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली देशहरू र चीन खाडी क्षेत्रबाट आउने तेलमा धेरै निर्भर रहेका छन् । तर, इरानले अमेरिका र इजरायलका जहाजलाई मात्र होर्मज जलडमरुमा बाटो बन्द रहेको स्पष्ट पारेको छ ।

पेइचिङले स्ट्रेट अफ होर्मुज पुन: सञ्चालनका प्रयासमा सहयोग नगरे चिनियाँ राष्ट्रपति सी चिनफिङसँग यस महिनाको अन्त्यमा हुने तय गरिएको शिखर सम्मेलन स्थगित हुन सक्ने चेतावनी ट्रम्पले दिएका छन् । उनले आफ्नो आग्रह अस्वीकार भएमा त्यसले नाटोको भविष्यका लागि पनि नकारात्मक प्रभाव पार्न धम्की दिए । तर, जापान र अस्ट्रेलियाले भने अहिलेका लागि सैनिक तैनाथ गर्ने योजना नभएको स्पष्ट पारेका छन् ।

यसैबिच इरानले अन्य देशहरूलाई मध्यपूर्वमा फैलिएको युद्धमा प्रत्यक्ष रूपमा संलग्न नहुन चेतावनी दिएको छ । फ्रान्सका विदेशमन्त्री जिन-नोएल बारोटसँगको टेलिफोन संवादमा इरानका विदेशमन्त्री अब्बास अराघचीले द्वन्द्वलाई थप विस्तार गर्ने कुनै पनि कदमबाट टाढा रहन आग्रह गरेका थिए । उनले क्षेत्रीय सुरक्षाका नाममा अमेरिकी सैन्य उपस्थितिले समस्या समाधान गर्नुको सट्टा तनाव बढाइरहेको आरोप लगाए र छिमेकी देशहरूलाई 'विदेशी आक्रमणकारीलाई बाहिर निकाल्न' आह्वान गरे ।

युद्धसँगै इरानले अमेरिकी सेना रहेको मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण तीव्र बनाएको छ । इटालीको सेनाले कुवेतस्थित अली अल सलेम एयरबेसमा भएको ड्रोन आक्रमणमा इटालीको मानवरहित विमान नष्ट भएको तर मानवीय क्षति नभएको जनाएको छ । इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले घटनालाई कम महत्त्व दिँदै आफ्नो देश कसैसँग युद्धमा नरहेको स्पष्ट पारे ।

इराकी अधिकारीहरूका अनुसार बगदाद अन्तर्राष्ट्रिय विमानस्थलस्थित अमेरिकी कूटनीतिक सुविधा नजिकै रकेट प्रहार हुँदा पाँच जना घाइते भएका छन् । उता इरानको रिभोलुसनरी गाड्र्सले हालसम्म अमेरिका र इजरायलसँग सम्बन्धित लक्ष्यहरूतर्फ करिब ७०० मिसाइल र तीन हजार ६०० ड्रोन प्रहार गरिएको दाबी गरेको छ ।

साउदी अरेबियाले पनि सोमबार मध्यरातयता ६० भन्दा बढी ड्रोन रोकेको जनाएको छ । दुबई विमानस्थल नजिक ड्रोनसँग सम्बन्धित घटनापछि आगलागी हुँदा केही समयका लागि उडान स्थगित गर्नुपरेको थियो । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले भने इराकको कुर्दिस्तान क्षेत्रमा इरानी डिजाइनको ड्रोन आक्रमणमा फ्रान्सेली सैनिक मारिएपछि फ्रान्सका हितमाथि भएको आक्रमण अस्वीकार्य भएको बताएका छन् ।

यसैबिच द्वन्द्व लेबनानसम्म फैलिएको देखिएको छ । इजरायलले बेरुतको दक्षिणी उपनगरहरूमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ ।

ऊर्जा बजारमा भने आपूर्ति सङ्कट टार्न अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सदस्य राष्ट्रहरूले रणनीतिक भण्डारबाट करिब ४० करोड ब्यारेल तेल बजारमा पठाउन सुरु गर्ने निर्णय गरेको जनाएको छ । एसिया-ओसिनिया क्षेत्रका देशहरूले तत्काल भण्डार उपलब्ध गराउनेछन् भने युरोप र अमेरिकाले आगामी हप्तामा त्यसलाई पछ्याउने अपेक्षा गरिएको छ ।

मध्यपूर्वबाट आउने तेलमा ९५ प्रतिशत निर्भर रहेको जापानले आफ्नो सरकारी राजपत्रमार्फत देशको तेल भण्डार स्तर घट्दै गएको सूचना जारी गरेको छ । यस कदमले भण्डार व्यवस्थापकहरूलाई केही तेल बजारमा छोड्न बाध्य पार्नेछ ।

स्ट्रेट अफ होर्मुज बन्द भएपछि विश्वका विभिन्न देशमा त्यसको प्रभाव देखिन थालेको छ । अस्ट्रेलियाका अधिकारीहरूले मूल्यवृद्धि र हडबडाहटमा किनमेल नगर्न सर्वसाधारणलाई आग्रह गरेका छन् । भारतमा भने आयात अवरोधका कारण रेस्टुरेन्टहरूले खाना पकाउने ग्यास बचत गर्न मेनु परिवर्तन गर्न थालेका छन् ।

सिड्नी नजिकै बस्ने ल्यान्डस्केपर


***बाँकी पृष्ठ ८ मा***


# नगरवासीको हित र सुरक्षामा केन्द्रित भई काम गर्न नगर प्रमुखको आग्रह



भक्तपुर, २ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सोमबार नगर प्रहरी, वडा निरीक्षक र बजार व्यवस्थापकहरूसँग बैठक बस्यो । बैठकमा नगरको फोहोर, ढल, सडक, पार्किङ, तरकारी बजार व्यवस्थापन, अनियमित निर्माण, सामुदायिक पशुपक्षी नियन्त्रण, निर्माण सामग्री व्यवस्थापन, मर्मत सम्भार, उच्छृङ्खल गतिविधि, पर्ती र सार्वजनिक जग्गा संरक्षण तथा हकर्स नियन्त्रण आदि विषयमा छलफल भयो ।

बैठकमा नगर प्रमुख प्रजापतिले भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको दृष्टिले देशकै महत्त्वपूर्ण नगर भएको बताउँदै भक्तपुर नगरपालिकाले यहाँका मूर्त तथा अमूर्त कला र संस्कृति तथा सम्पदाहरूलाई जीवन्तता दिने काम गरिरहेको बताउनुभयो ।

नगरपालिकाको नीति, योजना र कार्यक्रम जनतासमक्ष लैजाने काम कर्मचारीहरूबाट हुने उल्लेख गर्दै उहाँले कर्मचारीहरू ज्ञान, सीप र क्षमताका हिसाबले अब्बल हुने हुँदा आफ्नो राम्रो बोली, व्यवहार र आचरण प्रस्तुत गरेर काम गर्नुपर्ने बताउनुभयो ।


नगरवासीको हित र सुरक्षामा केन्द्रित भई काम गर्न आग्रह गर्दै उहाँले नगर प्रहरी, वडा निरीक्षकले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो ।

जनतालाई सास्ती हुने कुनै पनि काम गर्न नहुने बताउँदै उहाँले कर्मचारीहरू व्यक्तिगत फाइदाको लागि काम गर्न नहुने र जनताको अपेक्षाअनुसार परिचालित हुनु जरुरी रहेको बताउनुभयो ।

उक्त बैठकमा नगरपालिकाका प्रशासकीय अधिकृत दामोदर सुवालले कर्मचारीहरूमा नागरिकहरूमा भन्दा बढी नागरिक भावना हुनुपर्ने बताउँदै जनताले नगरपालिका र कर्मचारीहरूको काम नजिकबाट सूक्ष्म ढङ्ग नियालिरहेको हुने हुँदा सचेत र विवेकशील ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

बैठकमा उपस्थित कर्मचारीहरूले नगरलाई सफा, सुन्दर र व्यवस्थित बनाउने विषयमा आ-आफ्ना धारणा राखेका थिए ।

## व्यङ्ग्यचित्र कुनो





हित बचत तथा ऋण सहकारी संस्था लि.
जगाती-७, भक्तपुर

कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाको लागि देहायबमोजिमका कर्मचारी आवश्यक भएको हुदा इच्छुक दक्ष तथा अनुभवी योग्य उम्मेदवारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १० दिनभित्र आफ्नो बायोडाटासहित हस्तलिखित निवेदनमा दर्खास्तको लागि आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक सङ्ख्या | शैक्षिक योग्यता | वान्छनीय योग्यता | अनुभव | आवेदन शुल्क |
|---|---|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | १ | SLC वा SEE उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएका | अनुभवीलाई विशेष ग्राह्यता । | १००।- |
| २. | प्रबन्धक | १ | वाणिज्य वा अर्थशास्त्रमा स्नातक उत्तीर्ण | कम्प्युटरसम्बन्धी ज्ञान भएको | वित्तीय क्षेत्रमा वा कानुनी तथा प्रशासनसम्बन्धी ज्ञान भएको साथै अनुभवीलाई विशेष ग्राह्यता । | ५००।- |

**नोट**: चालक अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात**

नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ थान, पासपोर्ट साइजको फोटो एक थान, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि

**सम्पर्क मिति** : अन्तिम मितिको भोलिपल्ट

# विश्व क्षयरोग दिवसको अवसरमा फोक्सो परीक्षण शिविर सम्पन्न




भक्तपुर, २ चैत । भक्तपुर जिल्ला जनस्वास्थ्य कार्यालय र ख्वप अस्पतालको प्राविधिक सहयोग तथा भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा आइतबार श्वासप्रश्वास पुन:स्थापना केन्द्र, तुमचोमा फोक्सो परीक्षण शिविर सम्पन्न भयो ।

विश्व क्षयरोग दिवस (मार्च २४) को अवसरमा क्षयरोगमुक्त समाज निर्माण गर्ने अभियानअन्तर्गत उक्त शिविर भएको आयोजकले बताएको छ । एआई प्रविधिको अत्याधुनिक एक्स रे मेसिन र विशेषज्ञ डाक्टरको उपस्थितिमा सम्पन्न उक्त शिविरमा ३२२ जना नागरिकहरूको परीक्षण गरिएको जानकारी दिइएको छ ।

शिविर सुरु हुनुपूर्व भएको औपचारिक कार्यक्रममा वडाध्यक्ष रवीन्द्र ज्याख्वले वायु प्रदूषण तथा धूमपानको कारण फोक्सोसम्बन्धी विभिन्न रोगबाट पीडितहरूको सङ्ख्या बढिरहेको चर्चा गर्दै समयमै फोक्सो जाँच गराउन सबैमा अनुरोध गर्नुभयो । स्वस्थ नागरिकले परिवार र समाजको प्रगतिका लागि योगदान गर्न सक्ने उल्लेख गर्दै उहाँले भक्तपुर नगरपालिकाले नागरिकहरूको स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेको प्रस्ट पार्नुभयो ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख अञ्जना खड्काले भक्तपुर नगरपालिकाले घरदैलो नर्सिङ सेवा सञ्चालन गरिरहेकैले नगरवासीहरूमा रोगको सुरुवाती चरणमा नै उपचार गर्न सम्भव भएको बताउनुभयो । उहाँले बिरामीलाई हेला होइन, माया गर्दै निरन्तर उपचार सेवामा सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

ख्वप अस्पतालका चिकित्सक डा. रत्नसुन्दर लासिवाले धुवाँ धुलोसँगै चिसोपना र ब्याक्टेरिया, भाइरसका कारण फोक्सोसम्बन्धी विभिन्न रोगहरू लाग्न सक्ने चर्चा गर्दै क्षयरोगका लक्षण र उपचार विधिबारे जानकारी दिनुभयो ।

शिविरमा २१९ जना महिला र १०३ जना पुरुषको एक्स रे परीक्षण गरिएकोमा २६ जना महिला र ९ जना पुरुषको खकार परीक्षण पनि गराइएको थियो । ८ जनामा क्षयरोगका जीवाणुहरू देखिएको जानकारी दिँदै वडाध्यक्ष ज्याख्वले उहाँहरूको नि:शुल्क औषधि उपचार भएको बताउनुभयो ।

# ब्रह्मायणी आविको वार्षिकोत्सव कार्यक्रम सम्पन्न

भक्तपुर, २ चैत । ब्रह्मायणी आधारभूत विद्यालय, भक्तपुरको ३४ औं वार्षिकोत्सव, शिक्षक सम्मान तथा सांस्कृतिक कार्यक्रम सोमबार विद्यालय प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष कृष्णप्रसाद कोजुले कार्यक्रमको उद्घाटन गर्दै विद्यार्थीहरूलाई पढाइका साथै व्यवहारिक ज्ञान पनि दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सरसफाइ र सम्पदा संरक्षण तथा पुन:निर्माणमा काम भइरहेको उल्लेख गर्दै उहाँले नपाबाट ७ वटा कलेजहरूबाट सस्तो र स्तरीय शिक्षा दिइरहेको र १०० शय्याको ख्वप अस्पतालबाट बिरामीहरूको सेवा गरिरहेको बताउनुभयो ।

विद्यालयका संस्थापक अध्यक्ष ज्ञानसागर प्रजापतिले बालबालिकाहरू चुलबुले हुनु स्वस्थ हुनुको लक्षण भएकोले चुलबुलेपनलाई झर्को मान्न नहुने बताउनुभयो ।

उहाँले बालबालिकाको अगाडि झगडा गर्न नहुने, बालबालिकालाई पिट्ने, गाली गर्ने, डरत्रास दिन नहुने र माया गरी हुर्काउनुपर्छ भन्नुभयो ।

वागीश्वरी माविका प्र.अ. कृष्णप्रसाद कर्माचार्यले बह्मायणी आविसँग सहकार्य गरी कार्य गरिरहेको बताउनुभयो ।

भनपा ८ का वडा सदस्य सुमित्रा बोहजूले विद्यालय ज्ञानको मन्दिर हो, जहाँ डर त्रास होइन माया प्रदान गर्नुपर्छ भन्नुभयो । उहाँले भनपाले वडावासीहरूको स्वास्थ्य सेवालाई प्रभावकारी गर्न घरदैलो नर्सिङ सेवा दिइरहेको बताउनुभयो ।

उहाँले यस वर्ष भक्तपुर साकोसले शिक्षा कोषबाट सरकारी विद्यालयमा पढ्ने जेहेनदार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न छात्रवृत्तिकोष खडा गर्न २ लाख ४४ हजार रकम प्रदान गरेको जानकारी दिनुभयो ।

विद्यालयका प्रधानाध्यापक तीर्थलक्ष्मी धन्छाले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयको शैक्षिक, सांस्कृतिक, खेलकुद र विविध विषयमा प्रस्ट पार्नुभयो ।

कार्यक्रममा विद्यालयमा निरन्तर अध्यापन कार्य गरी २० वर्ष सेवा पूरा गरेका शिक्षिका चन्द्रलक्ष्मी धन्छालाई प्रमुख अतिथिबाट दोसल्ला र कदर पत्र प्रदान गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मीनारायण दुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा विविध खेल प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुन सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण गरियो । शिक्षक डायरी लेखी उत्कृष्ट अध्यापन गर्ने शिक्षिकाहरूलाई पनि कदरपत्र प्रदान गरियो ।

कार्यक्रममा शिक्षिका सरस्वती, सीता स्वदारी र रचना शाहीले पनि बोल्नुभएको थियो । उक्त कार्यक्रममा सांस्कृतिक कार्यक्रम भएको थियो ।

# नेसनल प्याक्सन भक्तपुरको साइन्स एन्ड रोबोटिक्स एक्जिभिसन सम्पन्न

भक्तपुर, २ चैत । नेसनल प्याक्सनको कार्यक्रमअन्तर्गत पाथिभरा एकेडेमी स्कूलको आयोजनामा साइन्स एन्ड रोबोटिक्स एक्जिभिसन प्रतियोगिता दुई श्रेणीमा सम्पन्न भयो ।

आधारभूत तहको प्रतियोगितामा क्वालिटी स्कूल विजेता, विमल मेमोरियल स्कूल प्रथम उपविजेता, मदरल्यान्ड र संस्कार गुरूकुल स्कूलका विद्यार्थी समूह दोस्रो उपविजेता हुन सफल भएका थिए । त्यसैगरी, माध्यमिक तहको प्रतियोगितामा विमल मेमोरियल स्कूल विजेता, संस्कार गुरूकूल प्रथम उपविजेता र मदरल्यान्ड स्कूलको विद्यार्थी समूहले दोस्रो उपविजेताको उपाधि प्राप्त गर्न सफल भएका थिए ।

विज्ञान र प्रविधिको युगमा विद्यार्थीहरूलाई अनुसन्धान र आविष्कारमा विश्व बजारको प्रतिस्पर्धी बनाउन प्रेरणा स्वरूप आयोजना गरिएको साइन्स एन्ड रोबोटिक एक्जिभिसन प्रतियोगिता पाथिभरा एकेडेमीका प्रिन्सिपल रमेशप्रसाद सिटौलाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सूर्यविनायक नगरपालिका शिक्षा शाखा प्रमुख रत्न कटवालले विजेता विद्यार्थी समूहलाई पुरस्कृत गर्नुभएको थियो ।

नेसनल प्याक्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले पाथिभरा एकेडेमीले आयोजना गरेको साइन्स एन्ड रोबोटिक्स एक्जिभिसन प्रतियोगिता शैक्षिक वर्ष २०८२ को अन्तिम कार्यक्रम रहेको बताउँदै आयोजक स्कूललाई आभार प्रकट गर्नुभएको थियो ।

उहाँले नेसनल प्याक्सन भक्तपुरमा आवद्ध सबै सदस्य विद्यालयहरूलाई वर्षभरि विविध कार्यक्रम सम्पन्न गर्न सहयोग एवं साथ दिनुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

# तेम्बाथाङ, सिन्धुपाल्चोकमा तीनदिने समाजशास्त्रीय क्षेत्रीय अध्ययन

भक्तपुर, २ चैत । समाजशास्त्र विषयका स्नातक तहका विद्यार्थीहरूको तीनदिने समाजशास्त्रीय क्षेत्रीय अध्ययन कार्यक्रम चैत १ देखि ३ गतेसम्म तेम्बाथाङस्थित शेर्पा समुदायमा हुँदै छ । उक्त अध्ययन भ्रमणाको उद्देश्य विद्यार्थीहरूलाई समाजशास्त्रीय अध्ययनलाई व्यवहारिक रूपमा बुझ्ने अवसर प्रदान गर्नु थियो ।

अध्ययनका क्रममा विद्यार्थीहरूले स्थानीय शेर्पा समुदायको संस्कृति, परम्परा, कृषि प्रणाली, वातावरणीय अवस्था तथा महिलाको सामाजिक अवस्थाबारे प्रत्यक्ष अध्ययन गरेका थिए । ख्वप कलेजका यस क्रममा सामाजिक नक्साङ्कन (Social Mapping), घरधुरी सर्वेक्षण तथा आमा समूहसँग केन्द्रित समूह छलफल (Focus Group Discussion) जस्ता गतिविधिहरू सञ्चालन गरिएका थिए ।

अध्ययनले शेर्पा समुदायमा प्रचलित सांस्कृतिक परम्परा, भाषा, चाडपर्व र सामाजिक मूल्यहरूबारे महत्त्वपूर्ण जानकारी प्राप्त गराएको छ । स्थानीय जनताको प्रमुख पेसा कृषि भएको र उनीहरूले स्थानीय वातावरणअनुसार खेतीपाती तथा पशुपालन गर्दै आएको तथ्य पनि अवलोकन गरिएको थियो ।

भ्रमणाको क्रममा महिलाको अवस्थाबारे विशेष अध्ययन गरिएको थियो । आमा समूहसँगको छलफलबाट महिलाहरूको घरायसी काम, कृषि कार्य तथा सामुदायिक गतिविधिमा महत्त्वपूर्ण भूमिका रहेको तर अझै केही सामाजिक तथा आर्थिक चुनौतीहरू रहेको कुरा उजागर भएको थियो ।

त्यसैगरी, स्थानीय वातावरण र प्राकृतिक स्रोतको संरक्षणसम्बन्धी अभ्यासहरूको पनि अध्ययन गरिएको थियो । यसले समुदायले वातावरणीय सन्तुलन कायम राख्न अपनाएका परम्परागत तरिकाहरू बुझ्न सहयोग गरेको छ ।

समाजशास्त्रीय क्षेत्रीय अध्ययनले विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानलाई व्यवहारिक अनुभवसँग जोड्ने महत्त्वपूर्ण अवसर प्रदान गर्दछ । यस प्रकारको अध्ययनबाट विद्यार्थीहरूले समाज, संस्कृति र स्थानीय जीवनशैलीलाई नजिकबाट बुझ्न सक्ने भएकोले समाजशास्त्र अध्ययनमा यसको विशेष महत्त्व रहेको कुरा समाजशास्त्रका उपप्राध्यापक सुनिता गाइसी बताउनुहुन्छ ।

# काठमाडौँ महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहरको मात्रा घटाउँदै

काठमाडौँ, २ चैत । काठमाडौँ महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहरको मात्रा घटाउने उद्देश्यका साथ छुट्टै सुक्खा फोहर व्यवस्थापन कार्य सुरु गरेको छ । यसका लागि महानगरपालिकाले १० वडाबाट छुट्टै सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु गर्न थालेको छ ।

यसरी सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु भएसँगै काठमाडौँ उपत्यकाबाट ल्यान्डफिल साइटमा दैनिक करिब ३.१९ मेट्रिक टन कम फोहर व्यवस्थापन हुन थालेको महानगरपालिकाको वातावरण व्यवस्थापन विभागका प्रमुख सरीता राईले जानकारी दिनुभयो । महानगरपालिकाले ३२ वटै वडाबाट घरेलु फोहरसँगै उत्पादन हुने सुक्खा फोहर बिक्री गर्न आफ्नो भौगोलिक क्षेत्रलाई सात क्षेत्रमा वर्गीकरण गरेर छुट्टाछुट्टै प्रतिस्पर्धाबाट करसहित वार्षिक रु. ६ करोड आठ लाख ७२ हजारमा आय ठेक्का लगाएको उहाँले बताउनुभयो ।

अहिले महानगरपालिका-७, १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ वडाबाट सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु गरिएको छ । हरेक क्षेत्रमा एक-एकवटा फोहरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहर व्यवस्थापन केन्द्रसमेत राखिएको छ । आय ठेक्का कार्यविधि २०७९ बमोजिम प्रतिस्पर्धीमध्येबाट क्षेत्र नं १ का लागि नेप्सेम्याक सेवा प्रालि छानिएको छ । यस क्षेत्रमा वडा नम्बर २, ३, ४, ५ र ७ पर्छन् ।

क्षेत्र नम्बर २ मा प्राक्टिकल वेस्ट सोलुसन प्रालि छनोटमा परेको छ । यसमा वडा नम्बर १, ११, २८, २९ र ३० पर्छन् । क्षेत्र नम्बर ३ मा क्रियटिभ सरसफाइ प्रालिले वार्षिक रु. ५५ लाख ३५ हजार ८९१ आय ठेक्का कबोल गरेको छ । यस क्षेत्रमा वडा नम्बर ६, ८ र ९ पर्छन् ।

क्षेत्र नम्बर ४ मा मेची पोली इन्डष्ट्रीले रु. एक करोड १५ लाख चार हजार ४०४ कबोल गरेको छ । यसमा वडा नम्बर १६, १७ र २६ पर्छन् । वडा नम्बर १३, १४ र १५ समेटेर क्षेत्र नम्बर ५ मा तोकिएको छ । क्षेत्रका लागि नेपाल ऊर्जा विकास कम्पनीले जिम्मा लिएको छ । वडा नम्बर १०, ३१ र ३२ समेटेर क्षेत्र नम्बर ६ तोकिएको छ । यस क्षेत्रमा पोली वेस्ट म्यानेजमेन्टले जिम्मा पाएको छ । ***रासस***

# 'डेडिकेटेड' र 'ट्रङ्क लाइन' महसुल विवाद उद्योगीको माग दाबी नपुग्ने आयोगको निर्णय

काठमाडौँ, २ चैत । विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादका सम्बन्धमा उद्योगी व्यवसायीको मागदाबी नपुग्ने निर्णय गरेको छ । आयोगले आइतबार पञ्चकन्या प्लास्टिक र पञ्चकन्या स्टिलको हकमा सुनुवाइ गर्दै मागदावी नपुग्ने निर्णय गरेको हो ।

नेपाल विद्युत् प्राधिकरणबाट डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट लिएको उपभोक्तालाई बक्यौता विद्युत् महसुल बुझाउने अन्यायपूर्ण निर्णय खारेज गरी क्षतिपूर्ति दिलाइ पाउँ भनी आयोगमा आवेदन दिएका थिए । सो आवेदनमाथि आयोगमा सुनुवाइ भएको थियो ।

प्राधिकरणकाअनुसार पञ्चकन्या प्लास्टिकले रु. २४ लाख ६३ हजार, पञ्चकन्या स्टिलले रु. ५२ लाख ११ हजार बराबरको महसुल तिर्न बाँकी छ । प्राधिकरणको आग्रहबमोजिम पञ्चकन्या प्लास्टिकले रु. ७७ हजार ९७५ र पञ्चकन्या स्टिलले रु. एक लाख ८६ हजार बराबर महसुल बुझाइसकेको छ ।

आयोगका अध्यक्ष रामप्रसाद धितालकाअनुसार उद्योगीको मागदाबी नपुग्ने निर्णय भएको छ । आयोगको निर्णयपछि प्राधिकरणलाई थप महसुल उठाउने मार्गप्रशस्त भएको छ । आयोगको निर्णय चित्त नबुझेको अवस्थामा व्यवसायी अदालत जान समेत सक्नेछन् ।

आयोगले निरन्तर रूपमा महसुलका सम्बन्धमा सुनुवाइ गर्दै आएको छ । आयोगले प्रचलित नियम कानुन तथा विगतको नजिरका आधारमा आवश्यक निर्णय गर्दै आएको छ । सुनुवाइका लागि आयोगले आवेदनकर्ताका कानुन व्यवसायी र प्राधिकरणका तर्फबाट कानुन विभागका तीन अधिकारीलाई उपस्थित भएका थिए ।

नेपालको ऊर्जा क्षेत्रको नियमनकारी निकायका रूपमा रहेको आयोगले यस क्षेत्रको विवाद निरूपण गर्दै आएको छ । आयोगले दिने निर्णय चित्त नबुझेको खण्डमा मात्रै आवेदकलाई अदालत जाने मार्गप्रशस्त हुन्छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# जुम्लामा ३३० हेक्टरमा डढेलोबाट वन क्षति

जुम्ला, २ चैत । जिल्लामा गत आर्थिक वर्षभर ३३०.२८ हेक्टरमा डढेलोबाट वन क्षति भएको छ । डिभिजन वन कार्यालयका प्रमुख भरत बुढ्थापाका अनुसार उक्त वर्षमा २९ स्थानमा वन डढेलो लागेको र अनुमानित वन क्षेत्र करिब ३३० दशमलव २८ हेक्टर वन जङ्गल डढेलोबाट क्षति भएको बताउनुभयो ।

चालु आर्थिक वर्षको ८ महिनासम्म यहाँका आठवटै स्थानीय तहका विभिन्न ६ वटा स्थानमा डढेलो लागेको छ । अनुमानित १०० हेक्टर क्षेत्रमा डढेलोबाट वन क्षति भएको छ डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बुढ्थापाको भनाइ छ ।

कार्यालयको आयोजनामा भएको वन सुरक्षा समन्वय समिति तथा सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम बोल्दै कार्यालय प्रमुख बुढ्थापाले वन डढेलो नियन्त्रणमा प्रभाकारिता, तीनै तहका सरकार र समुदायको सहभागिता भन्ने मूल नारासहित जुम्लामा वन डढेलो नियन्त्रणसम्बन्धी साप्ताहिक कार्यक्रम यही चैत १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरिने डिभिजन वन कार्यालय जुम्लाका प्रमुख बुढ्थापाले जानकारी दिनुभयो ।

बर्सेनि गर्मीयाममा हुने डढेलोले वन क्षेत्रमा क्षति पुऱ्याउँदै आएको छ । दमकल नपुग्ने विकट क्षेत्रमा लागेको आगो नियन्त्रण गर्न भने समस्या देखिने गरेको छ । वन संरक्षणमा समुदायको महत्त्वपूर्ण भूमिका रहने सहायक प्रमुख जिल्ला अधिकारी मीनबहादुर रावलले जानकारी दिनुभयो । *रासस*

# प्रशासनद्वारा इनरुवामा ग्यास पसल अनुगमन

इनरुवा (सुनसरी), २ चैत । जिल्ला प्रशासन कार्यालयले इनरुवामा रहेको ग्यास पसलको अनुगमन गरेको छ ।

पछिल्लो समय ग्यासमा कालोबजारी बढेको भनी आएको गुनासोका अधारमा अनुगमन गरिएको अनुगमन समितिका संयोजक कृष्ण सुवेदीले जानकारी दिनुभयो । इनरुवाको पाँचवटा पसलमा बिक्रीका लागि राखिएको सुविधा, प्रिमा, कमख्या, कोशी ग्यास भएको पसलमा अनुगमन गरेको उहाँले बताउनुभयो । इनरुवामा आवश्यकता अनुसार ग्यास भएको, ग्यासमा कालोबजारी नभएको, उपभोक्ताले आवश्यकता भएका बेलामा व्यवस्था अनुसार पाइरहेको भेटिएको उद्योग वाणिज्य सङ्घ इनरुवाका उपाध्यक्ष गिरीराज अटलले जानकारी दिनुभयो ।

अनुगमनमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय उद्योग वाणिज्य सङ्घ, उपभोक्तासहितको सहभागिता रहेको थियो । जिल्ला प्रशासन कार्यालय सुनसरीले ग्यासको उत्पादक, वितरक र डिलरलाई ग्यासको अनावश्यक मौज्दात नराख्न, पालो प्रणालीमार्फत पारदर्शी वितरण गर्न, कृत्रिम अभाव सिर्जना नगर्न, बजार मूल्यभन्दा बढी नलिन र खरिदबिक्रीको विवरण व्यवस्थित राख्न निर्देशन दिएको छ ।

सुनसरी प्रशासनको निर्देशन उल्लङ्घन गरेको खण्डमा कानुनअनुसार कारबाही हुने सुनसरीका सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेले जानकारी दिनुभयो । *रासस*

# अनुमति लिएर मात्र शैक्षिक परामर्श केन्द्र सञ्चालन गर्न प्रशासनको निर्देशन

चितवन, २ चैत । यहाँस्थित जिल्ला प्रशासन कार्यालयले अनुमति नलिई सञ्चालनमा ल्याइएका शैक्षिक परामर्श केन्द्र तथा वैदेशिक सेवा प्रदायक संस्थालाई १५ दिनभित्र बन्द गर्न निर्देशन दिएको छ ।

कार्यालयले एक सूचना जारी गर्दै प्रचलित कानुनबमोजिम अधिकारप्राप्त संस्थाबाट स्वीकृत/इजाजतपत्र नलिई सञ्चालित शैक्षिक परामर्श केन्द्र र वैदेशिक रोजगार सेवा प्रदायक संस्था बन्द गराउन वा नवीकरण गर्न निर्देशन दिएको हो । सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माद्वारा जारी सूचनामा यस्ता केन्द्र र संस्थाहरूले नियमित रूपमा कार्यालय सञ्चालन गर्ने गरेको 'भिसा प्रोशेसिङ', रोजगार प्रत्याभूतजस्ता झूटा आश्वासन दिने गरेको पाइएकाले त्यस्ता संस्था कानुनअनुसार सञ्चालन हुन भनिएको छ । यो सूचनालाई अटेर गरी बसे प्रचलित कानुनबमोजिम कारबाही हुने उल्लेख छ । *रासस*

# वरिष्ठ डिभिजन वन अधिकृत भट्ट पक्राउ

गोदावरी (कैलाली), २ चैत । कैलालीको वन निर्देशनलायमा कार्यरत वरिष्ठ डिभिजन वन अधिकृत कृष्णदत्त भट्टलाई प्रहरीले सोमबार पक्राउ गरेको छ । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहमाथि घुस मागेको आरोप लगाउने भट्टलाई जिल्ला प्रहरी कार्यालय कैलालीको टोलीले उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाले भट्टविरुद्ध मुख्यमन्त्री शाहका स्वकीय सचिव प्रयागराज खनालले विद्युतीय अपराधसम्बन्धी जाहेरी दिएको आधारमा पक्राउ गरिएको बताउनुभयो ।

उहाँका अनुसार भट्टलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । भट्टले मुख्यमन्त्रीमाथि घुस मागेको आरोप लगाएपछि उद्योग मन्त्रालयले उहाँलाई स्पष्टीकरण सोधेको थियो । स्पष्टीकरण बुझाउन मन्त्रालय पुगेका बेला उहाँलाई प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

भट्टले केही दिनअघि सञ्चारमाध्यमलाई दिएको एक अन्तर्वार्तामा भट्टले मुख्यमन्त्री शाहले आफूसँग रु. पाँच लाख मागेको र रकम नदिएपछि पूर्वाग्राही भएर आफ्नो सरुवा गरिएको आरोप लगाउनुभएको थियो । *रासस*



**जुम्लाको स्याउ बगैँचा**

जुम्लाको चन्दननाथ नगरपालिका-५ स्थित आँखे कृषि पर्यटन अनुसन्धान केन्द्रमा लगाइएको इटालियन जातको फुजी स्याउ बगैँचा । उक्त स्याउ बगैँचामा करिब तीन हजार ३०० बिरुवाले फल दिने गरेको सञ्चालक सरोज शाहीले जानकारी दिनुभयो । *तस्बिर : विजय रावत / रासस*

# शिक्षामा सीप : कला सिर्जनामा तिखारिँदै विद्यार्थीका क्षमता

**- नारायण ढुङ्गाना**

काठमाडौँ, २ चैत । काठमाडौँ महानगरपालिका - ७ चाबहिलस्थित मित्र आधारभूत विद्यालयका ३० विद्यार्थीले भित्तामा चित्र कोर्नेबारे सीप सिकिरहेका छन् । सुरुमा स्केच गर्न सिकेका उनीहरू अहिले भित्तामा चित्र बनाउन जान्ने भएका छन् ।

गत शुक्रबार सुस्मिना काफ्ले भित्तामा चित्र कोरिरहनुभएको थियो । एक हातले रङको डब्बा र अर्को हातले ब्रस चलाउँदै स्वयम्भूलाई आफ्नै स्कूलको भित्तामा उतारिरहनुभएकी काफ्लेले भन्नुभयो, "मलाई भित्तामा चित्र बनाउँदा आनन्द आइरहेको छ, सुरुमा प्राविधिक कुरा सिक्यौँ, अहिले फिल्डमै भित्तामा चित्र बनाइरहेकी छु, यसले कला सिक्ने मेरो चाहना पूरा गरिदिएको छ ।"

यहाँका विद्यार्थीले समूह बनाएर फोहर भित्ता सजाएका छन् । समूहमै सहभागी भएर चित्र कोरिरहेका भानु साउद भन्नुहुन्छ, "भित्तामा चित्र कसरी बनाउने, आउटलाइन कसरी तान्ने, रङ कसरी भर्ने ? सबै सिकेपछि चित्र कोर्न थालेका हौँ ।"

केही विद्यार्थीले छेउमै बालबालिका खेल्दै गरेका चित्र बनाए । उनीहरूले बनाएको अर्को भित्तेचित्रमा फूलमा मौरी घुमिरहेको थियो । अर्को चित्रमा नेवारी महिला र धिमे बाजा देखिन्थ्यो । मुख्यगरी जनजीवन, संस्कृति र सम्पदालाई उनीहरूले भित्तामा सजाएका थिए । सिकाइरहेका कलाकार रोजन खड्काले ४ देखि ८ कक्षाका विद्यार्थीलाई शिक्षामा सीप कार्यक्रमअन्तर्गत कला शिक्षा दिइरहेको बताउनुभयो । हरेक शुक्रबार यसरी नै सिकाइने गरिएको उहाँ बताउनुहुन्छ ।

शिक्षिका विन्देश्वरी महर्जन उक्त स्कूलमा पहिलोपटक यो कार्यक्रम चलाएको र यसलाई निरन्तरता दिन सके राम्रो हुने बताउनुहुन्छ । "विद्यार्थीले सिक्न चासो दिएका छन्, यसलाई विद्यालयको पाठ्यक्रममै राख्नसके राम्रो हुन्थ्यो," उहाँले भन्नुभयो ।

काठमाडौँ महानगरपालिकासँग मिलेर नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले उक्त शिक्षामा सीप कार्यक्रम चलाउँदै आएको छ । गत वर्ष चलाएको कार्यक्रम प्रभावकारी देखिएपछि यसवर्ष पनि यसलाई निरन्तरता दिइएको हो । विगतमा त्यसरी बनाएका कला प्रतिष्ठानमा प्रदर्शनीसमेत गरिएको थियो । उनीहरूका चित्र व्यावसायिक चित्रकारका जस्तै देखिन्छन् ।

काठमाडौँ-६ महाङ्कालस्थित जनकल्याण माविका विद्यार्थी पनि कला सिर्जनामा रमाउँदै आएका छन् । उनीहरू कक्षा कोठामै बसेर आर्ट पेपरमा थरीथरीका चित्र कोर्दै गरेका भेट्टिए । कक्षा ९ र १० का ३० विद्यार्थी उक्त कार्यक्रममा सहभागी छन् । महेन्द्र तामाङ र दीपक आउजीले यहाँ विद्यार्थीलाई कला सिकाइरहनुभएको छ । उक्त विद्यालयको कला फोकल शिक्षक दीपक घिमिरे यस्ता कार्यक्रमबाट विद्यार्थीले सिर्जना तिखार्ने अवसर पाउने बताउनुहुन्छ ।

यस्तै, महेन्द्र बौद्ध मावि, बौद्धका विद्यार्थीहरू चन्द्र मगर, अर्पण लामा, दावा शेर्पा र जीवन लामा माटोबाट बौद्ध स्तुपा बनाइरहेका थिए । उनीहरूसहित २४ विद्यार्थीले माटोमा आकार दिइरहेका थिए । पन्ध्र दिनको सिकाइमा उनीहरू विभिन्न चित्राकृति र मूर्ति बनाउन सक्ने भएका छन् । स्कूलका शिक्षक खेमनाथ सापकोटा यो कार्यक्रमले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास भएको बताउनुहुन्छ ।

"रङमा खेल्दा विद्यार्थीले रमाउँदै सिक्ने अवसर पाएका छन्, यस्ता कार्यक्रम आवश्यक छन्, पढाउँदा जबर्जस्ती गर्नुपर्ने जस्तो लाग्ने, तर यो काम भने उनीहरू आफै सिक्न खोज्ने देखिए, यस्ता कर्याक्रमबाट सिकाइ प्रभावकारी हुन्छ," शिक्षक सापकोटाले भन्नुभयो ।

यसैगरी, विद्यार्थीले टङ्गला स्कूलमा पनि भित्ते चित्र बनाएका छन् । पीपलको रूखमुनि गौतमबुद्ध बसिरहेका सुन्दर भित्ते चित्रसहित प्रकृति र जनजीवनका चित्र उनीहरूले बनाएका छन् । विद्यार्थीहरू कला सिर्जना गर्न पाएकामा खुसी र उत्साहित देखिएका छन् । यसले भविष्यमा उनीहरूलाई बाटो देखाउन सहज हुने विश्वास गरिएको छ ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको वास्तुकला तथा अन्य सिर्जनात्मक कला ( बहुआयामिक कला) विभागकी प्रमुख सौरगङ्गा दर्शनधारी महानगरको शिक्षा र सीप कार्यक्रमअन्तर्गतको विद्यार्थीहरूले कला सिकिरहेको बताउनुहुन्छ । विद्यालयतहबाटै कला सिकाउनु पर्छ भन्ने प्रतिष्ठानको उद्देश्य रहेको सुनाउँदै उहाँले यसलाई एउटा छुट्टै कोर्सका रूपमा विकास गर्न जरुरी रहेको बताउनुभयो ।

काठमाडौँ महानगर र ललितकला प्रज्ञा-प्रतिष्ठानबिच सम्झौता भएर यो कार्यक्रम सुरु भएको हो । यो कार्यक्रमले आर्टलाई तल्लो तहबाटै जानकारी दिनुपर्छ भन्ने उद्देश्य महानगरले पूरा गरिदिएको प्रतिष्ठानले जनाएको छ । अहिले २६ स्कूलका विद्यार्थी भित्तेचित्र कोर्न सिकिरहेका छन् भने १७ विद्यालयका विद्यार्थी चित्रकला र मूर्तिकला सिकिरहेका छन् । हरेक विद्यालयमा २० देखि ३० विद्यार्थी कार्यक्रममा सहभागी भएका छन् । *रासस*

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा ल्याउन माग

सिद्धार्थनगर (भैरहवा), २ चैत । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तत्काल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन रूपन्देहीका उद्योगी-व्यवसायीले माग गरेका छन् ।

रूपन्देहीको भैरहवास्थित उक्त विमानस्थल निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन । पर्यटन क्षेत्रमा झन्डै रु. एक खर्बभन्दा बढी लगानी भइसकेको भए पनि अपेक्षित परिणाम नआउँदा लगानी जोखिममा पर्ने अवस्था सिर्जना भएको पर्यटन व्यवसायी अमित गुप्ताले बताउनुभयो ।

लुम्बिनी, देवदह, रामग्राम, तिलौराकोट तथा रोहिणी नदी आसपासका क्षेत्र ऐतिहासिक, धार्मिक र बौद्ध सभ्यतासँग जोडिएका महत्त्वपूर्ण गन्तव्य हुन् । ती क्षेत्रको प्रवर्द्धनमा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको भए पनि पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी पहल हुन नसक्दा यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन सकेको छैन ।

सिद्धार्थ उद्योग वाणिज्य सङघका अध्यक्ष नेत्रप्रसाद आचार्यले अब गठन हुने नयाँ सरकारले पर्यटन प्रवर्द्धन र विमानस्थल सञ्चालनमा प्रभावकारी भूमिका खेल्ने विश्वास निजी क्षेत्रले लिएको बताउनुभयो । उहाँले यो क्षेत्र बौद्ध सभ्यता, इतिहास र धार्मिक पर्यटनको केन्द्रका रूपमा विकसित हुनसक्ने उल्लेख गर्दै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आए पर्यटन प्रवर्द्धन मात्र होइन समग्र आर्थिक गतिविधिमा परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल भन्सार एजेन्ट सङ्घ भैरहवाका अध्यक्ष मधुप्रसाद पन्थीले रूपन्देही नेपालकै महत्त्वपूर्ण औद्योगिक क्षेत्र भएकाले यहाँ उत्पादन हुने वस्तुलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन आवश्यक पूर्वाधार र वातावरण सिर्जना गर्न नयाँ सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । भैरहवा औद्योगिक करिडोरमा उत्पादन हुने वस्तुको निर्यात विस्तार गर्न सके उद्योग क्षेत्र थप सशक्त बन्ने उहाँले बताउनुभयो ।

विमानस्थल सञ्चालन र नाका व्यवस्थापन प्रभावकारी भए अन्तर्राष्ट्रिय व्यापार विस्तारमा सहयोग पुग्ने उहाँको धारणा रहेको छ । निजी क्षेत्रका प्रतिनिधिका अनुसार स्थिर सरकार गठन भएपछि लगानीमैत्री वातावरण निर्माण, पर्यटन प्रवर्द्धन, उद्योग विस्तार तथा पूर्वाधार विकासमा सरकारले ठोस् पहल गर्ने अपेक्षा गरिएको छ । उहाँहरूले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा आए लुम्बिनी क्षेत्रको पर्यटन विकाससँगै रूपन्देहीको उद्योग-व्यापारमा पनि ऊर्जा थपिने विश्वास व्यक्त गर्नुभएको छ विमानस्थल सञ्चालन भएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुने विश्वास गरिइएको छ । *रासस*

। सम्पादकीय ।

# पुँजीवादी निर्वाचनमा भागबन्डा र छलकपट हुने

निर्वाचनमा हारजीत स्वाभाविक हो । यस अर्थमा हरेक नागरिकको मत त्यतिकै अमूल्य हुन्छ । प्राप्त मत परिणाम या नतिजा नै कुनै दलको सही र गलतको नापो होइन । पुँजीवादी व्यवस्थाको निर्वाचनमा भागबन्डा र छलकपट हुन्छ; पैसाको खोलो बगेको हुन्छ; धाक धम्की हुन्छ; लोभलालच देखाइएको हुन्छ । विचार र सिद्धान्तभन्दा जसरी भए पनि जित्नको निम्ति साम, दाम, दण्ड र भेद नीति अपनाइएको हुन्छ । कति मतदाता लहैलहैमा लागेको हुन्छ । यसकारण, निर्वाचनमा भएको मत परिणामलाई नै कुनै दल असल र खराब भनी छुट्याउनु गलत हुनेछ । प्रत्येक पटकको निर्वाचनमा एउटै दल जहिल्यै ठुलो बनेन । यो पटकको प्रतिनिधिसभाको निर्वाचनमा पनि अर्को दल ठुलो बन्यो ।

यसभन्दा अघि ठुला दलका नेताहरूमा दम्भ थियो । आफूबाहेक अरु दलले बहुमत प्राप्त गर्दैन या सरकार चलाउँदैन भन्ने दम्भ थियो । सानो दलको विचारलाई वास्ता गर्दैनथ्यो । आफू नै सही, अरु कसैले केही गर्न सक्दैन भन्ने शक्तिको मातले जनतामा असन्तुष्ट देखिएको हो । धेरै मत पाएर जितेको दलले जनताको निम्ति जनताको विश्वास जितेर काम गर्नुपर्ने हो । थोरै मत पाउँदैमा त्यो दलको विचार गलत हुन्छ भन्ने होइन । कति शासक दलका नेताहरूमा त्यस्तो भ्रम पाइन्छ । प्रत्येक मतको मूल्य बराबर हुन्छ । कुनै मतको मूल्य बढी र घटी हुँदैन; हुन्छ भनेर सोच्नु पनि हुँदैन । मतदाताको मतभित्र सिद्धान्त र विचार भिजेको हुन्छ । तर, जनतामा अझै राजनीतिक, सैद्धान्तिक र सांस्कृतिक स्तर नभएको हुँदा कति मतदाताले बुझेर मत राखे त कतिले बुझ पचाएर या बुझ्दै नबुझी मत राखे । हरेक राजनीतिक दलले यसको लेखाजोखा गरिरहेकै होला ।

एकचोटि पाएको परिणाम सधैँको लागि हुँदैन । देशको परिस्थिति या परिवेशअनुसार कहिले कुन दल ठुलो त कहिले कुन दल सानो हुन्छ, यकिन हुँदैन । देश, काल परिस्थिति र घटनाले त्यसको निर्क्योल गर्छ । धेरै मत पाएको दल या उम्मेदवारको मत सही, वैध र थोरै पाए पाएको दल र उम्मेदवारको मत गलत या अवैध हुन्छ भन्ने होइन । आफ्नो दलको लागि जनताको मत पाउनु भनेको जनताले जिम्मेवारी दिनु हो । त्यो जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नुपर्छ ।

कुनै दल एकचोटि हार्दैमा सधैँ हार्छ भन्ने होइन । एकचोटि जित्दैमा सधैँ जित्छ भन्ने पनि होइन । अहिले जुन दलले बहुमत जितेको हो त्यो अर्को निर्वाचनमा हेरफेर हुनसक्छ; हेरफेर भइरहेको हो । बहुमत प्राप्त दलको सरकारले जनताको मतलाई घात गरेमा, जनताको भावना या विचारअनुसार काम नगरेमा हाल पाएको मतमा उत्तारचढाव हुनसक्छ । जनताले सुम्पेको जिम्मेवारी पूरा गर्न सकेन भने त्यो अर्को घात हुनेछ । बहुमत प्राप्त सरकारले साँच्चै देश बनाउने सङ्कल्प गरेमा देशको अनुहार बदल्न सक्छ । शासकहरू दलगत र व्यक्तिगत स्वार्थमा केन्द्रित भएपछि, जनताको विश्वासमा लात मारेपछि या जनमतलाई आ-आफ्नो स्वार्थ पूरा गर्नसकेन भने त्यो अर्को घात हुनेछ । बहुमत प्राप्त सरकारले साँच्चै देश बनाउने सङ्कल्प गरेमा देशको अनुहार बदल्न सक्छ । शासकहरू दलगत र व्यक्तिगत स्वार्थमा केन्द्रित भएपछि, जनताको विश्वासमा लात मारेपछि या जनमतलाई आ-आफ्नो स्वार्थ पूरा गर्ने भोट बैङ्क बनाएपछि त्यो दलको सरकारप्रति जनताको विश्वास गुम्छ र सरकारको नेतृत्वमा हेरेफेर हुन्छ ।

सरकार जनताकेन्द्रित हुनुपर्छ । बहुमतको नाउँमा सरकारले देशघात र जनघात हुने निर्णय गरेमा जनता चुप लागेर बस्ने छैनन् । यो कुरा शासक दलले थाहा पाउनुपर्छ । हरेक निर्वाचनमा जनताले दललाई परीक्षाको रूपमा हेरेका हुन्छन् । त्यो परीक्षामा शासकहरू सफल भएनन् भने जनताले अर्को निर्वाचनमा त्यो दललाई पनि फाल्नेछन् । प्रश्न उठ्छ, अब बन्ने सरकारले के भ्रष्टाचार अन्त्य गर्छ ? के देश भ्रष्टाचारमुक्त हुन्छ ? के देश ऋणमुक्त हुन्छ ? के अब देशमा विदेशी हस्तक्षेप हुँदैन ? के अबको सरकार विदेशी उठबसमा चल्दैन ? के अब देशभर सन्तुलित विकास हुन्छ ? देश आत्मनिर्भरको बाटोमा जान्छ ? के युवाहरू विदेश पलायन हुँदैनन् ? के स्वदेशमै रोजीरोटीको बन्दोबस्त हुन्छ ? के देशमा रासायनिक मल कारखाना खोल्छ ? के ख्वप विश्वविद्यालय सञ्चालन हुन्छ ? साँच्चै देशभर मावि तहसम्म निःशुल्क शिक्षा व्यवहारमा लागू हुन्छ ?

सिद्धान्त, दर्शन र विचार स्पष्ट नभएको दलको सरकारले केही गरेको देखाउन विगतको सरकारको तुलनामा सुधारात्मक कार्य गर्ला । तर, त्यो दलको सरकारले देशलाई कहाँ पुऱ्याउने भन्ने कुरा दिशा निर्देश गर्न सक्दैन । महत्त्वपूर्ण कुरा सरकारले जनताको जीवन सुनिश्चित गर्न सक्छ कि सक्दैन भन्ने हो । स्वदेशमै काम-मामको व्यवस्था गर्ने काम भयो भने जनताले त्यसको कदर गर्नुपर्छ । योग्यताअनुसार काम, कामअनुसार ज्याला र आवश्यकताअनुसार माग पूरा हुन्छ भने त्यो सरकारको कदमलाई मान्नुपर्छ । जनताका यी माग र आवश्यकता पूरा भयो भने देशमा जनताले न्याय, समानता, सुनिश्चित जीवन बिताएको अनुभूति गर्नेछन् । यो देश र जनताको आवश्यकता पनि हो ।

# इतिहासकै ठुलो रिजर्भ निकासाले पनि घटेन तेलको मूल्य

✍ प्रतीक शुक्ला

बिहीबार ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल सय डलरभन्दा माथि पुग्यो । 'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आइईए)' का सदस्य देशले आफ्नो रणनीतिक रिजर्भ ( भण्डारण) बाट ४० करोड ब्यारेल तेल निष्कासन गर्न सहमति जनाउँदासमेत यो वृद्धि भयो । यो परिणाम सन् १९७३ को तेल सङ्कटपछि आइईए गठन भएदेखिको सबैभन्दा ठुलो रिजर्भ तेल निष्कासन हो । तर, इतिहासकै सबैभन्दा ठुलो आपत्कालीन हस्तक्षेपले पनि तेलको मूल्यवृद्धिमा रोक लागेन ।

मध्यपूर्वका खाडी देशमा उत्पादन भएको तेल विश्व बजारका लागि समुद्रमा बाहिरिनुअघि साँघुरा समुद्री 'चोकपोइन्ट' 'स्ट्रेट अफ होर्मुज'बाट बाहिरिनुपर्छ । तर, सो भाग इरानको तटसँग जोडिएकाले त्यसमाथि इरानले अवरोध सिर्जना गरेसँगै बजारमा तेलको प्रभाव निकै घटेको छ । युद्ध लम्बिने र योसँगै खाडी देशको तेलको प्रवाहमा लामो समय रोकिने चिन्ताले अहिले व्यापारीलाई सताएको छ ।

बिहीबार एसियाली बजारमा ब्रेन्ट क्रुडको मूल्य लगभग आठ-नौ प्रतिशतले बढेर फेरि सय अमेरिकी डलर पार गऱ्यो । उता अमेरिकी बेन्चमार्क 'वेस्ट टेक्सास इन्टरमिडिएट' प्रतिब्यारेल लगभग ९५ अमेरिकी डलर पुगेको छ । यो वृद्धिले बजार तेलको रिजर्भ निकासामा भन्दा तेल बोक्ने जहाजको भौतिक ढुवानीमा आउने जोखिममा बढी ध्यान केन्द्रित गरिरहेको सङ्केत गर्छ ।

**तेलको रिजर्भको ऐतिहासिक निकासा, तर अस्थायी राहत**

आइईएको समन्वयमा निकासा गर्न लागिएको रिजर्भमा राखिएको तेल आगामी महिनामा बजारमा आउने लक्ष्य राखिएको छ । संयुक्त राज्य अमेरिकाले मात्र आफ्नो रणनीतिक पेट्रोलियम रिजर्भ (भण्डारण) बाट लगभग १७ करोड २० लाख ब्यारेल निकासा गर्ने योजना बनाएको छ, जुन केही हप्ताभित्रै निकासा हुन सुरु हुने अपेक्षा गरिएको छ । यो निकासाले अस्थायी अवरोधको समयमा बजारलाई स्थिर बनाउन मद्दत गर्न सक्ने विश्लेषकले आशा व्यक्त गरेका छन् । तथापि, द्वन्द्वका कारण आपूर्तिको ठुलो स्तरलाई भने यसले धेरै ठुलो प्रभाव नपार्ने हो कि भन्ने चिन्ता पनि छ ।

एक अनुमानअनुसार हाल भण्डारबाट निकासा गर्न थालिएको तेल 'स्ट्रेट अफ होर्मुज' बाट बाहिरिने ट्याङ्करले बोक्ने तेलको परिणामको एक अंश मात्र हुनेछ । अहिलेसम्म होर्मुजबाट छिटपुट जहाज बाहिरिएकै छन् । इरानले त्यसलाई पूरै बन्द गर्ने चेतावनी दिएको छ । तेलको मूल्य खासमा तेल बोकेका ट्याङ्कर कति चाँडो रिफाइनरी (प्रशोधन केन्द्र) पुग्छन् र आवश्यक मागलाई आपूर्ति गर्न सक्छ कि सक्दैन भन्ने आधारमा



थपघट हुन्छ । इरानसँग अमेरिका-इजरायल द्वन्द्व बढेपछि पहिले नै दबाबमा परेको तेल बजार द्वन्द्व पहिले सोचेभन्दा लम्बिने अनुमान भइरहेको छ ।

**विश्वको सबैभन्दा संवेदनशील ऊर्जा चेकपोइन्ट**

अहिले ऊर्जा बजार प्रभावित बनाइरहेको भूराजनीतिक द्वन्द्वमा सबैभन्दा चर्चा स्ट्रेट अफ होर्मुजमै छ । इरान र ओमानबिच रहेको यो साँघुरो समुद्री मार्गले फारसी खाडीलाई अरब सागरसँग जोड्छ । यसको सबैभन्दा साँघुरो भाग जम्मा ३३ किलोमिटर मात्र चौडा छ । यसैले यो भागबाट आउजाउ गर्ने जहाजलाई सजिलै इरानको तटबाट निसाना बनाउन सकिन्छ । यसको महत्त्व विश्वको तेल आपूर्तिको लगभग २० प्रतिशत यही भागबाट निकासा हुने तथ्यले प्रकाश पार्छ । साउदी अरब, इराक, कुवेत, यूएई र कतारलगायत विश्वका प्रमुख तेल उत्पादक देशबाट उत्पादन हुने कच्चा तेल विश्व बजारमा पुग्न यो मार्गबाट गुज्रनुपर्छ । सन् २०२५ मा यो मार्गबाट प्रतिदिन लगभग एक करोड ५० लाख ब्यारेल कच्चा तेल र थप ५० लाख ब्यारेल परिष्कृत उत्पादन ढुवानी भएको थियो । आक्रमणको सुरुवाती दिनमा यो मार्ग औपचारिक रूपमा बन्द भएको थिएन ।

तर, आक्रमणको सम्भावनामै ट्याङ्करको आवागमन घटेको थियो । विशेषतः जोखिमपूर्ण क्षेत्रमा जाँदा ट्याङ्करको बीमा लागत ह्वात्तै बढ्ने भएकोले ती हच्कन्छन् । अहिले त इरानले त्यस भेगमा चल्ने जहाजलाई निसाना बनाउने चेतावनी दिइसकेको छ । 'तेलको मूल्य कृत्रिम रूपमा घटाउन सम्भव हुँदैन । यसैले अब प्रतिब्यारेल २०० डलरमा तेलका लागि तयार रहनु,' इरानको सैन्य बल 'इस्लामिक रिभोलुस्नरी गार्ड कोर्प्स' ले एक विज्ञप्ति जारी गर्दै चेतावनी दिएको छ ।

**लामो द्वन्द्वमा बजार मूल्य निर्धारण**

मूल्यवृद्धिका पछाडि अर्को कारक भनेको द्वन्द्व चाँडै समाप्त नहुन सक्छ भन्ने बढ्दो विश्वास हो । कूटनीतिक सङ्केतले सुझाव दिन्छ कि वार्ता टाढा रहन्छ । इरानले मध्यस्थकर्तामार्फत कुनै पनि युद्धविरामका लागि संयुक्त राज्य अमेरिका र इजरायलले भविष्यमा आक्रमणबाट टाढा रहने र तेहरानले क्षतिपूर्ति दिने ग्यारेन्टी आवश्यक पर्ने बताएको छ । वासिङटनले यो सर्त स्वीकार गर्ने सम्भावना छैन । यो गतिरोधले खाडीमा आपूर्ति जोखिम महिनौँसम्म रहन सक्छ । पछिल्लो मूल्यवृद्धिले बजार मनोविज्ञानमा परिवर्तनलाई पनि प्रतिबिम्बित गर्छ ।

**भारतमा सम्भावित असर**

आयातीत ऊर्जामाथिको उच्च निर्भरताको कारणले गर्दा भारतलाई पनि जोखिम छ । देशले कच्चा तेलको आवश्यकताको लगभग ९० प्रतिशत आयात गर्छ, जसमध्ये लगभग ४५-५० प्रतिशत आपूर्ति मध्यपूर्वबाट हुने गरेको छ । अझ भारतले मध्यपूर्वमा गर्ने तेल ढुवानीको ठुलो हिस्सा स्ट्रेट अफ होर्मुजबाट बाहिरिन्छ ।

एक अनुमानअनुसार भारतको कच्चा तेल आयातको कम्तीमा ४० प्रतिशत यही साँघुरो समुद्री मार्गबाट आउँछ, जसले भारतको ऊर्जा सुरक्षाका लागि यस भेगको तनाव जोखिमपूर्ण छ । मध्यपूर्वको द्वन्द्व र तेलको मूल्यमा हुने वृद्धिले भारतमा महँगी बढाउनेछ । विश्लेषकले तेलको मूल्यमा निरन्तर वृद्धि भएमा देशको आयात खर्च बढ्ने र चालू खाताको घाटा फराकिलो बन्ने चेतावनी दिएका छन् । भारत सरकारले मध्यपूर्वमा भइरहेको पछिल्लो विकासक्रमलाई नजिकबाट निगरानी गरिरहेको बताएको छ । नयाँ दिल्लीले छोटो अवधिको अवरोधलाई पुग्ने गरी पर्याप्त भण्डार रहेको बताएको छ । यसबिच, भारतीय तेल प्रशोधनकर्ताहरूले खाडी ढुवानीमाथिको निर्भरता कम गर्न रुस र अन्य आपूर्तिकर्तामार्फत तेल खरिद बढाउने प्रयास थालेका छन् । यद्यपि, ती विकल्पले छिट्टै मध्यपूर्वबाट आएको त्यति ठुलो परिमाण (झन्डै आधा) आपूर्तिलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने सम्भावना न्यून छ ।

अहिलेका लागि, तेलको मूल्यवृद्धिको गति र भारतजस्ता अर्थतन्त्रमा तिनको प्रभाव भविष्यमा इरान युद्ध थप बढ्छ कि साम्य हुन्छ भन्ने कुरामा धेरै हदसम्म निर्भर हुनेछ ।

शुक्ला मध्यपूर्वको राजनीतिमाथि कलम चलाउँछन् ।

*- एनडीटीभीबाट*

# चुनावपछि देखिएका 'सामान्य' लाग्ने तर खतरनाक सङ्केतहरू : यी घटनापछाडि को को छन् ?

हालै मिडिया र सामाजिक सञ्जालमा नितान्त अस्वाभाविक र खेदजनक दुई-तीन वटा घटना देखिएका छन् । जुन सहिष्णु, तटस्थ, पञ्चशीलको नीतिको आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने नेपालको लागि नसुहाउने घटना हुन् ।



पाठक पत्र

चुनाव सकिएपछि देखिएका केही गतिविधि सतहमा हेर्दा सामान्य प्रशासनिक प्रक्रिया वा अज्ञानताजस्ता लाग्न सक्छन् । तर यी घटनाहरूलाई गहिराइमा हेर्दा भुमण्डलीकृत भूराजनीतिक खेलको छाया स्पष्ट देखिन्छ ।

पहिलो, अमेरिकी सेनाका जर्नेलहरूको नेपालमा आवतजावत बढ्नु केवल कूटनीतिक भेटघाट होइन । यो शक्ति सन्तुलन, सुरक्षा साझेदारी र सम्भावित रणनीतिक पुनर्संरचनाको सङ्केत हो, जसले साना राष्ट्रहरूलाई ठुला शक्तिको खेलमैदान बनाउने जोखिम बोकेको हुन्छ ।

दोस्रो, इरान- इजरायल/अमेरिका युद्धको बहानामा अमेरिकी सरकारको दबाबमा नेपाल सरकारले इरानी नागरिकहरूको आगमन भिसा रोक्नु मानव अधिकार र स्वतन्त्र आवागमन गर्ने अधिकारमाथिको प्रहार हो । इरानविरूद्धको यस्तो नीति मानवीयभन्दा बढी राजनीतिक दबाबको औजार बन्दै गएको देखिन्छ ।

तेस्रो, चिनियाँ राष्ट्रपति सी चिनफिङको किताब जलाइनु विचारमाथिको आक्रमण मात्रै होइन, यो केवल चीनविरूद्ध साङ्केतिक हमला हो । साम्राज्यवादी शक्तिले भरिदिएको वैचारिक ध्रुवीकरण र वैमनस्यलाई उक्साउने यो खतरनाक सङ्केत हो । किताब जलाएको भिजुअल सार्वजनिक भइसक्दा पनि सम्बन्धित मनमोहन प्राविधिक विश्वविद्यालयका पदाधिकारीहरूको मौनता रहस्यमय छ ।

चौथो, करिब दुईतिहाइ नजिक पुगेका सांसदहरूलाई विशेष प्रशिक्षण दिने निर्णय लोकतान्त्रिक अभ्यासभन्दा बाहिर गएर शक्ति केन्द्रीकरणको तयारीजस्तो देखिन्छ । जहाँ जनमतभन्दा 'व्यवस्थापन' प्राथमिकतामा पर्नसक्छ ।

यी सङ्केतहरू सामान्य घटना या संयोग मात्रै होइनन् । जहाँ सार्वभौमिकता, विचार स्वतन्त्रता र लोकतान्त्रिक मूल्यहरू विश्वव्यापी शक्ति सङ्घर्षमा दबिँदै छन् । यदि समयमै सचेत भइएन भने, आज 'सामान्य' देखिएका यी कदमहरू भोलि गम्भीर राष्ट्रिय र क्षेत्रीय सङ्कटमा रूपान्तरण हुन सक्छन् । यी घटनापछाडि को को छन् ? नेपाली जनताले गम्भीर छानबिन गर्नैपर्छ ।

*-सुन्दर थिङ*

**सन्दर्भ : पेरिस कम्युन स्थापना दिवस (मार्च १८)**

# मजदुरवर्गको राज्य पेरिस कम्युन – १

✍ नारायणमान बिजुक्छेँ (रोहित)

१८४८ जून महिनामा पेरिसका मजदुरवर्गको विद्रोहलाई पुँजीपतिवर्गले निर्दयतापूर्वक दबाइदियो । १० डिसेम्बर १८४८ को दिन पुँजीपतिवर्गले राष्ट्रपतिको चुनाव गर्‍यो । पुँजीपतिवर्गले नेपोलियनको भतिजो लुई नेपोलियनलाई धनजनले मद्दत गर्‍यो । किसानहरूमा बुढो नेपोलियनको वीरताको खुब प्रचार गरेर नयाँ नेपोलियनको पक्षमा मत लिने छल गर्‍यो । चुनावमा लुई नेपोलियन जिते र राष्ट्रपति बने । उनलाई नेपोलियन तेस्रो भन्ने चलन छ ।

२ डिसेम्बर १८५१ मा नेपोलियन तेस्रोले राष्ट्रिय प्रतिनिधिसभा भङ्ग गरे । २ डिसेम्बर १८५२ मा पुँजीपतिवर्गले राष्ट्रपति नेपोलियन तेस्रोलाई सम्राट घोषणा गर्‍यो । मजदुरवर्ग र स-साना पुँजीपतिवर्गले मात्रै त्यसको विरोध गरे । तर, सेनाको समर्थन उसलाई थियो । बैङ्क व्यवस्थाबाट अनेक सुविधाहरू पाएर पुँजीपतिवर्गले त्यसबाट उद्योग र व्यापारमा विकास गर्ने मौका पायो । व्यापार र उद्योगको विकासले बजारको निम्ति अरू देश कब्जा गर्ने नीतिहरू बनाउन थालियो । त्यसकारण, १८५४ र १८५६ को बिचमा फ्रान्सले रूसमाथि हमला गर्‍यो । अफ्रिका र हिन्दचीनमा उपनिवेशवादी शासन कायम गर्‍यो । मेक्सिकोमा आफ्नो दलाल सरकार कायम गर्न खोज्यो । टर्कीमाथि कब्जा गर्न र रूसलाई हराउन बेलायतसँग मिल्यो । त्यो लडाइँ सार्‍है खर्चालु लडाइँ साबित भयो । त्यो खर्च पूरा गर्न उसले किसानहरूमाथि कर लगाउन थाल्यो । उसले ठुलठुला जमिनदार र पुँजीपतिवर्गको एक गुटको स्वार्थ पूरा गर्थ्यो । १८६० मा बेलायती सामान पनि फ्रान्समा भित्रिन दिन एक सम्झौता गर्‍यो । त्यसले फ्रान्सेली पुँजीपतिवर्गलाई नोक्सान गर्थ्यो । यसकारण, पुँजीपतिवर्गको एक हिस्सा नेपोलियन तेस्रोसँग रिसायो ।


किसानहरू करको बोझले नेपोलियन तेस्रोसँग रिसाउँदै थिए । तिनीहरू ऋणमा डुब्दै थिए र असन्तोष बढ्दै गयो । मालसामानको भाउ बढ्दै गयो । जनतासँग पैसा थिएन । मालसामान बिकेन, कल-कारखाना राम्रो चल्न छोड्यो । मजदुरवर्ग बेकार भए । गरिबी झन्झन् चर्कदै गयो । मजदुरहरूलाई कारखानामा दिनको १२ देखि १६ घण्टासम्म काम गराउँथ्यो । १८६७ मा लिरे भन्ने कोइलाखानीमा मजदुरहरूले हडताल गरे । ज्याला बढाउन र ८ घण्टाको कामको माग मजदुरहरूले गरे । त्यस्तै, लेक सोडामा स्चोडरका मजदुरहरूले हडताल गरे । हडताल दबाउन सेनाको प्रयोग गर्‍यो । त्यसबाट क्रुद्ध भई ठाउँ-ठाउँमा मजदुरहरूको सङ्घर्ष बढ्दै गयो । थिचोमिचो र दमनको विरोधमा ठाउँ-ठाउँमा जनसभा, प्रदर्शन र हडतालहरू हुन थाल्यो । गणतन्त्रवादीहरूले शासक गुटको विरोधमा प्रचार र सङ्गठन गर्दै गए । १८७० जनवरी महिनामा २ लाख जनताले सरकारको विरोधमा जुलुस गरे । 'गणतन्त्र अमर होस् !' र 'बोनापार्ट मुर्दावाद !' भनेर जनताले नारा लगाए ।

मजदुर आन्दोलनलाई दबाउन र जनताको असन्तोषलाई मोड्न पुँजीपतिवर्गले नयाँ छल गर्‍यो । फ्रान्सले जर्मनीमाथि धावा बोल्यो । जर्मनी त्यसबेला स-साना टुक्रामा विभाजित थियो । त्यो एक भएमा बलियो हुन्थ्यो । बलियो भए त्यसमाथि फ्रान्सले थिचोमिचो गर्न सक्दैनथ्यो । जर्मनी एक हुन खोज्दै थियो । फ्रान्सेली पुँजीपतिवर्ग त्यो चाहँदैनथ्यो । जर्मनी पनि फ्रान्सेली पुँजीपतिवर्गले गर्ने आक्रमणसँग जुझ्न तयारी गरिरहेको थियो । जर्मनीका राज्यहरूमा प्रसिया सबभन्दा बलियो राज्य थियो । त्यसबेला प्रसियाका प्रधानमन्त्री विस्मार्क थिए । रूस, बेलायत, इटाली आदि देशहरू पनि फ्रान्सको पक्षमा थिएनन् । विस्मार्कले पूरै लडाइँको तयारी गरेका थिए । फ्रान्स स्पेनलाई आफ्नो प्रभाव क्षेत्र मान्थे । विस्मार्कले स्पेनको गद्दीमा आफ्नो पक्षको मानिसलाई राख्न लगाए । त्यो कार्य फ्रान्सको निम्ति एक हाँक थियो ।

१७ जुलाई १८७० मा फ्रान्सले प्रसियाको विरोधमा लडाइँको घोषणा गर्‍यो । तर, प्रसिया पूरै तयारी साथ बसेको थियो । फ्रान्सको सेनाभन्दा उसको सेना दोब्बर थियो । तर, युद्धको निम्ति फ्रान्सको पूरा तयारी थिएन । आवश्यक नक्साहरू पनि थिएनन् । २ सेप्टेम्बर १८७० को दिन सेडान भन्ने ठाउँमा १ लाख सेनासहित नेपोलियन तेस्रोले आत्मसमर्पण गरे ।

सेडानको हारको समाचार पेरिसमा पुग्यो । जनता नेपोलियन तेस्रोको विरोधमा विद्रोह गर्न थाले । ४ सेप्टेम्बरको दिन जनता व्यवस्थापिका सभाभवनमा घुसे । सम्राट नेपोलियन तेस्रो गद्दीबाट निकालिएको घोषणा गरे र गणतन्त्रको घोषणा गरे । मातृभूमि बचाउने माग गरे । लियो गामबेला भन्ने एक पुँजीवादी राजनीतिज्ञको नेतृत्वमा एक अस्थायी पुँजीवादी सरकार बन्यो । त्यसको नाम राष्ट्रिय प्रतिनिधिसभामा राजतन्त्रवादीहरू बहुमतमा थिए । तिनीहरू प्रसियासँग सम्झौता गर्न चाहन्थे । तर, जर्मनीका पुँजीपतिवर्गले आफ्नो हातमाथि पारिसकेपछि फ्रान्सेली इलाकाहरूमा धावा बोल्दै रक्षात्मक युद्धलाई अब लुटपाट र डकैती युद्धमा फेरिदियो । जर्मनी अब फ्रान्सको अलसास र लोरेन प्रान्त कब्जा गर्न चाहन्थ्यो । फ्रान्सेली गणतन्त्र अब रक्षात्मक युद्ध लड्न थाल्यो ।

१७ सेप्टेम्बरको दिन जर्मन सेना पेरिस पुग्यो । मजदुरहरूले जनतालाई सशस्त्र गर्न सरकारसँग माग गरे । सरकारले जनतालाई हतियार दिन कर लाग्यो । २२० नयाँ डिभिजन पेरिसको राष्ट्रिय गार्डमा थपियो । पहिलेको साठी



बटालियन सेना बाँकी नै थियो । हरेक घरबाट एक सिपाहीँ भए । शत्रुसँग धेरै ठाउँमा भिडन्त सुरू भयो । फ्रान्सेली जनताको वीरता र साहस उँचो थियो । तर, लडाइँको निम्ति पूरा तयारी गर्न नसकिएकोले लडाइँहरू हार्न थाले । मार्शल बाजेनले १ लाख ७० हजार सेनासहित आत्मसमर्पण गरिदियो । पेरिस शत्रुको घेरामा पर्‍यो । राजतन्त्रवादीहरू र पुँजीपतिवर्ग तर्सिन थाले । तिनीहरू प्रसियाको अगाडि घुँडा टेक्ने पक्षमा गए । प्रसिया अलसास र लोरेन प्रान्त हात पार्न चाहन्थ्यो र ५ अर्ब फ्राँक लडाइँको हर्जाना चाहन्थ्यो । साथै एक निश्चित समयसम्म पेरिसमा आफ्नो सेना राख्न चाहन्थ्यो । सम्झौताको निम्ति प्रसियाको दबाब बढ्दै थियो । प्रसियाले पेरिसमा गोलाबारी सुरु गर्‍यो । खान नपाएर कामदार जनताका छोरा-छोरी मर्न लागे । जनताको आर्थिक स्थिति सार्‍है खराब हुँदै गयो । तर, सम्पत्ति भएको वर्गचाहिँ मोजमज्जा गर्दै थियो । तिनीहरू प्रसियाका सबै शर्तहरू मानेर भए पनि घुँडा टेक्ने नीतिमा अडिग थिएँ, भित्र-भित्र मेलमिलाप गर्दै गए ।

पुँजीपतिवर्गको यस विश्वासघाती नीतिले मजदुरहरू सतर्क हुन थाले । पेरिसका बीसौँ जिल्लाबाट मजदुर र कालिगढहरूको प्रतिनिधि एक बैठकमा भेला भयो । त्यस प्रतिनिधिहरूको बैठकले एक तयारी समिति गठन गर्‍यो । पुलिसको काम जनतालाई सुम्पने, सरकारी पदाधिकारीहरूको चुनाव गर्ने, भाषण, सभा, सङ्गठन र प्रेस स्वतन्त्रता दिने आदि कार्यक्रमका मुख्य विषयहरू थिए । ती प्रजातान्त्रिक विषयहरूलाई मागको रूपमा पेरिसको पर्खालहरूमा टाँसिदिए । व्यापारीहरूको सबै खाद्यान्न जफत गर्ने र जनतामा सस्तो मूल्यमा वितरण गर्ने माग जनताले गरे । जनताले त्यस राष्ट्रिय रक्षा सरकारलाई सरापे । ती मागमा सत्ता जनतालाई सुम्पने मागहरू लेखिएको थियो । पुँजीपतिवर्ग विदेशी शत्रुभन्दा घरका क्रान्तिकारी मजदुरवर्गसँग डराउँथे । तिनीहरूले शत्रुको अगाडि घुँडा टेक्ने निश्चय गरे ।

३१ अक्टोबर १८७० को दिन मजदुर कालिगढहरूको विभिन्न गुटहरू मिलेर पेरिसको भिले होटल कब्जा गरे । राष्ट्रिय रक्षा सरकार भङ्ग गरेको घोषणा गरियो । मजदुरहरूको तयारी समितिले एक केन्द्रीय समितिको रूपमा काम गर्न थाल्यो । मजदुरवर्गले त्यसलाई कम्युन अथवा क्रान्तिकारी सरकार घोषणा गर्‍यो । मजदुरहरूले नारा लगाए- 'कम्युन अमर होस् ।' त्यो एक विद्रोह थियो ।

त्यसकारण, पुँजीपतिवर्गको राष्ट्रिय रक्षा सरकारले त्यस विद्रोहलाई दबाउन सबै बन्दोबस्त गर्न थाल्यो । मजदुरवर्गले पनि २२ जनवरी १८७१ को दिन त्यस सरकारलाई राष्ट्रिय विश्वासघाती सरकार भनेर हतियारको बलमा उल्टाउने कोसिस गरे । तर, त्यो योजना असफल भयो । पुँजीवादी सरकार र सेनापति मजदुरवर्गदेखि सतर्क थिए । धेरै विद्रोहीहरू गिरफ्तार गरिए र जेलमा बन्द गरिदियो ।

२८ जनवरी १८७१ को दिन त्यस विश्वासघाती सरकारले जनतालाई थाहै नदिई प्रसियासँग घुँडा टेक्ने युद्ध बन्द गर्ने सन्धिमा हस्ताक्षर गर्‍यो । सन्धिको लगत्तैपछि चुनाव गर्ने घोषणा गर्‍यो । फ्रान्सको ३ भागमध्ये एक भाग शत्रुको कब्जामा थियो । ती ठाउँहरूको चुनावमा शत्रुहरूले हुनसम्म मद्दत गरेर प्रतिक्रियावादीहरूलाई जिताए । धर्ममाथि विश्वास गर्ने र पिछडिएको गाउँ-गाउँमा धर्माधिकारीहरूले जनतालाई धोखा दिएर राजतन्त्रवादीहरूलाई मत दिन लगाए । पेरिस शत्रुबाट घेरिएको थियो । त्यसकारण, त्यहाँ मतदान भएन । ७०० प्रतिनिधिहरूमध्ये ४५० प्रतिनिधिहरू राजतन्त्रवादीहरू जिते । त्यस राष्ट्रियसभाले एक नयाँ सरकार गठन गर्‍यो । त्यसको मुखिया एडोल्फ थियर थियो ।

थियर एक कुख्यात प्रतिक्रियावादी थियो । १८३० को आन्दोलनको बेला पेरिसका मजदुरहरूलाई गोली हान्न लगाउने क्रुर गुण्डो थियो । ऊ एक पुँजीवादी वकिल, झूटा इतिहासकार र राजनीतिज्ञ थियो । प्रतिनिधिसभाको सदस्य थियो र ऊ राष्ट्रपति बन्यो । पुँजीपतिवर्ग पेरिसका क्रान्तिकारीवर्गसँग डराउँथ्यो । यसकारण, राष्ट्रिय सभा वोर्डकस भन्ने सहरमा बस्यो । वोर्डकस फ्रान्सको दक्षिण पश्चिमतिर पर्छ । राजधानी पनि पेरिसबाट भर्सलिजमा सार्‍यो । भर्सेलिज पेरिसभन्दा केही माइल दक्षिण पश्चिमतिर पर्दछ ।

थियरको सरकारले मजदुरवर्गलाई घुँडा टेकाउन मजदुरविरोधी नीति लियो । घेरामा परेको बेलामा राष्ट्रिय गार्डले तलब नपाउने र डेराको बहाल भत्ता नदिने निर्णय गर्‍यो । त्यो निर्णय मजदुरवर्गलाई दबाब दिने र डेराबाट निकाल्न लगाउने षड्यन्त्र थियो । प्रजातान्त्रिक अखबारहरू बन्द गरियो । क्रान्तिकारी नेताहरूलाई गिरफ्तार गर्न सुरू गरियो ।

त्यस प्रतिक्रियावादी नीतिले गर्दा मजदुरहरूमा देशभक्ति र क्रान्तिकारी भावना बढ्दै गयो । फेब्रुअरी १८७१ मा राष्ट्रिय गार्डको केन्द्रीय समितिको बैठक बस्यो र जनतालाई देश बचाउन आह्वान गर्‍यो । राष्ट्रिय गार्डसँग तोप र गोलाबारूद थियो । त्यो मजदुरकै चन्दाबाट जुटाइएको थियो ।

१८ मार्च १८७१ को दिन ती तोपहरूमाथि कब्जा गर्न थियरले सरकारी पल्टन पठायो । समयमै मजदुरहरूले थाहा पाए । खतराको घण्टी बज्यो । सबै मजदुरहरू तोप राखेको ठाउँमा पुगे । मजदुरहरूले फेरि तोप आफ्नो हातमा लिए । सरकारी अफिसरले सिपाहीहरूलाई मजदुरहरूमाथि गोली चलाउन आदेश दियो । सिपाहीहरूले अफिसरहरूको आदेश मान्न अस्वीकार गरे । उल्टै अफिसरहरूमाथि गोली हाने । तोपहरू राष्ट्रिय गार्डकै हातमा रह्यो ।

सशस्त्र राष्ट्रिय गार्ड र मजदुरहरू पेरिसको केन्द्रतिर लम्के । सरकारी व्यारेकमाथि कब्जा गरियो । राष्ट्रिय गार्डको केन्द्रीय समितिले पेरिस कब्जा गर्ने आदेश दियो । विद्रोहीहरूले सरकारी छाउनी, स्टेसनहरू, सरकारी भवनहरू र सहरको मुख्य-मुख्य ठाउँ कब्जा गरे ।


थियर र उसका मन्त्रीहरू पेरिस छोडेर भागे । सरकारी पल्टन पनि भर्सेलिजमा भाग्यो । राष्ट्रिय गार्ड र मजदुरवर्गले भिले होटल र युद्ध मन्त्रलायमा रातो झन्डा फहराइदिए । १८ मार्च १८७१ को दिन पेरिसका मजदुरवर्गको क्रान्तिको दिन थियो । राष्ट्रिय गार्डको केन्द्रीय समिति पेरिसको सरकार बन्यो । पुँजीपतिवर्गलाई पेरिसका मजदुरवर्गले सत्ताबाट गलहत्याएर निकालिदियो ।

**मजदुरवर्गको नयाँ सरकार पेरिस कम्युन**

२६ मार्च १८७१ को दिन पेरिस कम्युनका प्रतिनिधिहरूको चुनाव भयो । चुनावबाट जम्मा ८५ प्रतिनिधिहरू चुनिए । त्यसमध्ये आधा मजदुरहरू थिए । २१ जवान पुँजीपतिवर्गका थिए । अरू बाँकी कर्मचारी, डाक्टर, शिक्षक, पत्रकार आदि थिए । सबै प्रतिनिधिहरूको हिसाब गर्दा अत्यन्त बहुमत प्रतिनिधिहरू मजदुरवर्गका थिए । पेरिस कम्युनको नेतृत्व मजदुरवर्गको हातमा थियो २८ मार्च १८७१ को दिन प्रतिनिधिहरूले पेरिसमा नयाँ सरकारको घोषणा गरे । त्यस सरकारको नाम 'पेरिस कम्युन' राखियो । राष्ट्रिय गार्डको केन्द्रीय समितिले कम्युनलाई आफ्नो शक्ति सुम्पेको घोषणा गर्‍यो । बैन्ड बाजा बजाएर जनताले खुसी मनाए र नारा लगाए - 'कम्युन अमर होस् ।'

'पेरिस कम्युन' जनताको राज्यको सबभन्दा माथिल्लो अङ्ग थियो । पेरिस कम्युन ऐन-कानुन बनाउने एक विधायिका सभा र कार्यान्वयन गर्ने कार्यपालिका दुवै थियो । सेना, जन-सुरक्षा, विदेश सम्बन्ध, न्याय, जन-सेवा, शिक्षा, खाद्य, श्रम, श्रम विनिमय, अर्थसम्बन्धी कार्यहरू विभिन्न कार्य समितिहरूमार्फत काम चालू गरे । जनतालाई चित्त बुझेन भने आफ्ना प्रतिनिधिहरूलाई फिर्ता बोलाउने अधिकार दिइयो । तर, केही निजामती कर्मचारीहरू पुँजीपतिवर्गको राजधानी भर्सेलिज भागे । बाँकी भएकाहरूले नयाँ सरकारको मातहतमा काम गर्न अस्वीकार गरिदिए । २१ जवान पुँजीवादी प्रतिनिधिहरूले कम्युनलाई त्यागी दिए अथवा कम्युनलाई बहिष्कार गरे । ३५ हजार कम्युनहरूबाट ७ लाख नगर सदस्यहरू चुनिएका थिए । त्यसमध्ये विरोधीहरू ८ हजारमात्र थिए ।

**स्रोत : विश्वका प्रसिद्ध मजदुर आन्दोलन**





गाजापट्टीको उत्तरी क्षेत्रमा अवस्थित बेतलाहियामा इजरायली आक्रमणमा अनाथ र घरवारविहीन भएका बालबालिकाहरू एक नि:शुल्क भोजन वितरण केन्द्रमा भोजन पाउनका लागि तछाड मछाड गर्दै मार्च १५, २०२६ का दिन। इजरायलले इरान र लेबनानसित युद्धको कारण देखाई दक्षिणमा इजिप्टसितको नाकाहरू बन्द गर्दा मानवीय सहायता सामग्री पुग्न सकिरहेको छैन। *तस्बिर : रिजेक अब्देलजवाद /सिन्हवा*

# दुबई विमानस्थल नजिक ड्रोन आक्रमण, उडान सेवा प्रभावित

दुबई, २ चैत (एएफपी)। दुबईमा रहेको अन्तर्राष्ट्रिय विमानस्थल नजिक ड्रोनसम्बन्धी घटना भएपछि सोमबार केही समयका लागि सबै उडानहरू अस्थायी रूपमा रोकिएका छन्। शहरका अधिकारीहरूले यात्रु र कर्मचारीहरूको सुरक्षालाई ध्यानमा राख्दै यस्तो निर्णय गरिएको बताएका छन्। घटना भएको स्थान विमानस्थलनजिकै भएकाले सम्भावित जोखिमलाई मध्यनजर गर्दै उडान सञ्चालन रोकिएको हो।

इन्धन ट्याङ्कीमा आगलागी

ड्रोन आक्रमणका कारण विमानस्थल नजिक रहेको इन्धन भण्डारण ट्याङ्कीमा आगलागी भएको थियो। स्थानीय आपतकालीन सेवाहरू घटनास्थलमा पुगेर आगो छिट्टै नियन्त्रणमा लिन सफल भएका थिए। अधिकारीहरूका अनुसार घटनामा कुनै पनि व्यक्तिलाई चोटपटक लागेको छैन र ठुलो क्षति पनि भएको छैन।

युद्धको पृष्ठभूमि

मध्यपूर्वमा जारी युद्धको क्रममा इरानले संयुक्त अरब इमिरेट्सतर्फ एक हजार आठ सयभन्दा बढी मिसाइल र ड्रोन प्रहार गरेको बताइएको छ। यद्यपि संयुक्त अरब इमिरेट्सको वायु रक्षा प्रणालीले तीमध्ये धेरैलाई आकाशमै रोकेर ठुलो क्षति हुनबाट जोगाएको बताइएको छ। यस युद्धका कारण खाडी क्षेत्रमा सुरक्षा अवस्था तनावपूर्ण बनेको छ।

क्षेत्रीय प्रभाव

छिमेकी देश साउदी अरबले पनि सोमबार बिहानदेखि आफ्नो पूर्वी क्षेत्रमा साठीभन्दा बढी ड्रोन अवरोध गरिएको जनाएको छ। यसले खाडी क्षेत्रभरि ड्रोन आक्रमणको जोखिम अझै बढिरहेको सङ्केत गरेको छ।

उडान सेवा प्रभावित

दुबईको राष्ट्रिय हवाई सेवाले यात्रुहरूलाई केही समयका लागि विमानस्थल नआउन अनुरोध गरेको छ। अधिकारीहरूले सुरक्षा अवस्था सामान्य भएपछि मात्र उडानहरू सञ्चालन गरिने बताएका छन्। बिहान १० बजेपछि सीमित उडानहरू सञ्चालन गर्ने तयारी गरिएको जानकारी पनि दिइएको छ। विमानस्थल जाने मुख्य सडक पनि केही समयका लागि बन्द गरिएको थियो।

मानवीय क्षति

यो युद्ध सुरु भएयता संयुक्त अरब इमिरेट्समा चार जना सर्वसाधारण र दुई जना सैनिकसहित कुल छ जनाको मृत्यु भएको जानकारी सार्वजनिक गरिएको छ। अधिकारीहरूले नागरिक पूर्वाधार, विमानस्थल, बन्दरगाह र तेल सम्बन्धी संरचनालाई लक्षित गरी आक्रमण हुने जोखिम अझै कायम रहेको बताएका छन्।

# ट्रम्प–सी भेटअघि चीन–अमेरिका व्यापार वार्ता


पेइचिङ, २ चैत (एपी)। अमेरिका र चीनबिच लामो समयदेखि जारी व्यापारिक तनावलाई व्यवस्थापन गर्ने प्रयासस्वरूप दुवै देशका उच्चस्तरीय प्रतिनिधिहरूले आइतबार फ्रान्सको राजधानी पेरिसमा आर्थिक तथा व्यापार वार्ता सुरु गरेका छन्। आगामी दुई हप्तापछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी जिनपिङसँग पेइचिङमा गर्ने सम्भावित शिखर भेटअघि यो वार्तालाई महत्त्वपूर्ण तयारीका रूपमा हेरिएको छ।

चीनको सरकारी समाचार एजेन्सी सिन्ह्वाका अनुसार अमेरिकी अर्थमन्त्री स्कट बेसेन्ट र चिनियाँ उपप्रधानमन्त्री हे लिफेङको नेतृत्वमा रहेको प्रतिनिधिमण्डल आइतबार बिहान पेरिसमा आमनेसामने भएको हो। ह्वाइट हाउसले ट्रम्पले मार्च ३१ देखि अप्रिल २ सम्म चीनको भ्रमण गर्ने कार्यक्रम रहेको जनाएको छ, तर पेइचिङले यसबारे औपचारिक पुष्टि भने अझै गरेको छैन।

अमेरिकी अर्थ मन्त्रालयका अनुसार बेसेन्टले हे लिफेङसँग आइतबार र सोमबार औपचारिक भेटवार्ता गर्ने कार्यक्रम तय गरिएको छ।

चीनको वाणिज्य मन्त्रालयले शुक्रबार जारी गरेको वक्तव्यमा दुवै पक्षले 'आपसी चासोका व्यापारिक तथा आर्थिक मुद्दाहरू' माथि गम्भीर छलफल गर्ने तयारी गरिएको जनाएको छ। पछिल्ला वर्षहरूमा दुवै मुलुकबिच भन्सार शुल्क, आपूर्ति शृङ्खला र व्यापार सन्तुलनका विषयमा बारम्बार तनाव देखिँदै आएको छ।

यदि ट्रम्पको प्रस्तावित भ्रमण सम्पन्न भयो भने सन् २०१७ मा आफ्नो पहिलो कार्यकालका क्रममा चीन भ्रमण गरेपछि कुनै पनि अमेरिकी राष्ट्रपतिले गर्ने यो पहिलो चीन यात्रा हुनेछ। पाँच



महिनाअघि दक्षिण कोरियाको बुसान सहरमा भएको भेटमा ट्रम्प र सीले बढ्दो व्यापार युद्धलाई रोक्न एक वर्षे अस्थायी युद्धविराममा सहमति जनाउनुभएको थियो। त्यसअघि दुवै देशले एकअर्काविरुद्ध क्रमशः उच्च दरका भन्सार शुल्क लगाउँदै आएका थिए।

यद्यपि व्यापारिक तनाव अझै पूर्ण रूपमा समाप्त भएको छैन। चीनको वाणिज्य मन्त्रालयले ट्रम्प प्रशासनले चीनसहित १६ व्यापारिक साझेदारमाथि सुरु गरेको नयाँ व्यापार अनुसन्धानको कडा विरोध गरेको छ। अमेरिकी सर्वोच्च अदालतले गत वर्ष लगाइएका व्यापक विश्वव्यापी भन्सार शुल्कहरू खारेज गरेपछि नयाँ अनुसन्धानले फेरि अतिरिक्त भन्सार शुल्क लगाउने सम्भावनाको ढोका खोल्न सक्ने चिन्ता व्यक्त गरिएको छ।

यसका साथै अमेरिकाले चीनसहित विभिन्न देशबाट आउने सामानमा जबरजस्ती श्रम प्रयोग भएको आशङ्कामा छुट्टै अनुसन्धान पनि अघि बढाएको छ। चीनले भने यसबारे आफ्नो असन्तुष्टि वासिङ्टनसमक्ष औपचारिक रूपमा राखिसकेको जनाएको छ। वाणिज्य मन्त्रालयले जारी गरेको वक्तव्यमा यस्तो कदमले 'विश्वव्यापी आपूर्ति शृङ्खलाको सुरक्षा र स्थिरतालाई गम्भीर रूपमा कमजोर बनाउने' चेतावनी दिइएको छ।

पेरिस वार्तामा प्रत्यक्ष रूपमा व्यापारका मुद्दा केन्द्रमा रहने भए पनि मध्यपूर्वमा चर्किएको द्वन्द्व पनि छलफलको विषय बन्न सक्ने विश्लेषकहरूको भनाइ छ। इरानसँगको युद्धका कारण तेलको मूल्य र आपूर्तिमा बढ्दो अनिश्चितता देखिएकाले त्यसको असर विश्व अर्थतन्त्रमा पर्ने चिन्ता बढेको छ। ट्रम्पले शनिबार चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतलगायत देशहरूले स्ट्रेट अफ होर्मुज 'खुला र सुरक्षित' राख्न युद्धपोत पठाउने अपेक्षा गरिएको बताउनुभएको थियो।


पेरिसमा सुरु भएको वार्तालाई ट्रम्प–सी शिखर सम्मेलनअघि सबैभन्दा महत्त्वपूर्ण द्विपक्षीय भेटका रूपमा पनि हेरिएको छ। फ्रान्सेली बैङ्क नाटिक्सिसका वरिष्ठ अर्थशास्त्री तथा सेन्ट्रल युरोपियन इन्स्टिच्युट अफ एसियन स्टडिजका अनुसन्धानकर्ता ग्यारी एनगका अनुसार अहिलेको मुख्य प्रश्न चीन र अमेरिकाले सहमत भएका विषयहरूमा स्थिर रहन सक्छन् कि सक्दैनन् भन्ने हो।

उहाँका अनुसार इरानसँगको युद्ध नयाँ कारकका रूपमा देखा परे पनि पेइचिङलाई अमेरिकी नीतिमा हुने बारम्बार परिवर्तनले अझ बढी चिन्तित बनाइरहेको छ। यस्तो अवस्थाले दीर्घकालीन व्यापारिक सहकार्यलाई जटिल बनाउन सक्ने उहाँको विश्लेषण छ।

गत साता चिनियाँ विदेशमन्त्री वाङ यीले सन् २०२६ लाई चीन-अमेरिका सम्बन्धका लागि 'महत्त्वपूर्ण वर्ष' हुने बताउनुभएको थियो। उहाँले ट्रम्पको सम्भावित राज्य भ्रमणबारे स्पष्ट पुष्टि नगरे पनि उच्चस्तरीय आदानप्रदानका कार्यक्रमहरू पहिले नै छलफलको चरणमा रहेको सङ्केत दिनुभएको थियो।

बेसेन्ट र हे लिफेङले भने गत वर्षदेखि निरन्तर रूपमा व्यापार वार्ताको नेतृत्व गर्दै आउनुभएको छ। उहाँहरूबिच जेनेभा, लन्डन, स्टकहोम, म्याड्रिड तथा मलेसियाको क्वालालम्पुरमा समेत बैठक भइसकेको छ। पेरिसको यो नयाँ चरणले आगामी शिखर भेटको वातावरण तयार पार्ने अपेक्षा गरिएको छ।

# म्यान्मा : नयाँ निर्वाचनपछिको संसद्मा जुन्ताको पकड



नेपिडो (म्यान्मा), २ चैत ( एएफपी)। सन् २०२६ को सैन्य नयाँ निर्वाचन पछि पहिलोपटक सोमबार म्यान्माको संसद् बैठकमा बसेको छ। तर संसद्को नयाँ संरचनामा सैन्य नेतृत्व र त्यसका राजनीतिक सहयोगीहरूको स्पष्ट प्रभुत्व देखिएको छ, जसलाई विश्लेषकहरूले सेनाको शासनलाई वैधानिकता दिन खोजिएको कदमका रूपमा व्याख्या गरेका छन्।

राजधानी नेपिडोस्थित संसद् भवनमा भएको बैठकमा अधिकांश सांसद सैन्य शासन समर्थक युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) का रहेका छन् भने बाँकी ठुलो हिस्सा संविधानअनुसार आरक्षित गरिएको सेनाका प्रतिनिधिहरूको रहेको एएफपीका पत्रकारहरूले देखेका छन्। संविधानअनुसार संसद्को करिब एक चौथाइ सिट सिधै सेनालाई दिइन्छ।

संसद्को तल्लो सदन 'पिपुल्स एसेम्बली' ले बैठक सुरु गर्दै युएसडिपीका सांसद नन्द क्याव स्वारलाई सभामुखका रूपमा निर्वाचित गरेको छ। यो बैठक सैन्य शासनले आयोजना गरेको चरणबद्ध निर्वाचनपछि बनेको संसद्को पहिलो औपचारिक अधिवेशन हो।

म्यान्मामा सन् २०२० को आम निर्वाचनमा आङ सान सुकी नेतृत्वको पार्टीले ठुलो जीत हासिल गरेको थियो। तर सेनाले व्यापक मतदाता धाँधली भएको आरोप लगाउँदै २०२१ मा सत्ता कब्जा गरेको थियो। त्यसपछि सुकीलाई पक्राउ गरिएको थियो, उहाँको पार्टी विघटन गरिएको थियो र देश गृहयुद्धमा धकेलिएको थियो।

पाँच वर्षसम्मको सैन्य शासनपछि जुन्ताले गत डिसेम्बर र जनवरीमा चरणबद्ध रूपमा चुनाव आयोजना गरेको थियो। तर लोकतन्त्र समर्थक समूहहरूले ती निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष नभएको भन्दै कडा आलोचना गरेका थिए। आलोचकहरूका अनुसार मतदानको विरोधलाई गैरकानूनी बनाइयो र सेनासँग निकट राजनीतिक शक्तिहरूलाई जित सुनिश्चित गराउने वातावरण तयार पारियो।

संसद्मा जुन्ता समर्थक सांसदहरूले आफ्नो सिट लिएपछि सन् २०२० मा निर्वाचित भएर निर्वासनमा रहेका केही सांसदहरूले समानान्तर बैठक आयोजना गरेका छन्। उनीहरूले आफूहरूले गठन गरेको 'राष्ट्रिय एकता सरकार' (एनयुजी) नै म्यान्माको वैधानिक सरकार भएको दाबी गर्दै आएका छन्।

एनयुजीका कार्यवाहक अध्यक्ष दुवा लाशी लालाले अनलाइन बैठकमार्फत जुन्ता नेतृत्वले आयोजना गरेको निर्वाचनलाई 'नक्कली प्रतिनिधित्वमार्फत जनतालाई भ्रममा पार्ने प्रयास' भएको बताउनुभयो। उहाँका अनुसार सैन्य नेतृत्वले यस्तो प्रक्रियामार्फत अन्तर्राष्ट्रिय वैधता खोजिरहेको छ। उहाँले यसलाई सामान्य राजनीतिक विकासका रूपमा लिनु नहुने चेतावनी दिनुभयो।

# जहाज आक्रमणपछि २० जना थाई चालक दल घर फर्के, तीन अझै बेपत्ता

बैङ्कक, २ चैत (सिन्हवा)। होर्मुजमा आक्रमणमा परेको कार्गो जहाजका २० जना थाई चालक दलका सदस्यहरू सोमबार थाइल्यान्ड आइपुगेको उल्लेख गर्दै तीन जना सहकर्मीहरू अझै बेपत्ता रहेको जहाज कम्पनीले जनाएको छ।

थाई जहाज मयुरी नरीको मालिक प्रिसियस सिपिंङ पब्लिक कम्पनी लिमिटेडले विज्ञप्ति मार्फत आफ्ना वरिष्ठ अधिकारीहरूले सुवर्ण भूमि विमानस्थलमा चालक दलका सदस्यहरूलाई स्वागत गरेको उल्लेख गर्दै उनीहरूको सहज फिर्तीका लागि सम्बन्धित अधिकारीहरूसँग आवाश्यक समन्वय गरेको बताएको छ।

यस समयमा आफ्नो सर्वोच्च प्राथमिकताका साथै बेपत्ता भएका तीन जना चालक दलका सदस्यहरू पत्ता लगाउने निरन्तर प्रयास भइरहेको कम्पनीले पुष्टि गरेको छ।

थाई विदेश मन्त्री सिहासाक फुआंगकेटकोले आइतबार आफ्ना इरानी समकक्षीसँग टेलिफोनमार्फत जहाजमा आक्रमण हुँदा बेपत्ता भएका थाई चालक दलका सदस्यहरूको खोजी र उद्धार कार्यमा इरानी पक्षको सहयोगको माग गर्नुभएको छ।

उनीहरूले होर्मुजको जल क्षेत्र हुँदै थाई मालवाहक जहाजहरूको सुरक्षित मार्गको लागि पनि छलफल गरेको जनाइएको छ।

# श्रम र उत्पादनसँग जोडिएको शिक्षा विधेयक ल्याउला ?

✍ सत्यराम

चुनाव लोकतन्त्रको सुन्दर पक्ष हो । चुनावमा जनताद्वारा अनुमोदित व्यक्ति तथा राजनीतिक दलले नेतृत्वदायी भूमिका निभाउँछ । अनुमोदन कहिले सामान्य बहुमत त, कहिले अल्पमत र कहिले स्पष्ट बहुमत हुन्छ । विशेष परिस्थितिको कारण तीन वर्षमा नै आमनिर्वाचन हुनुपर्ने अवस्थामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुईतिहाइ मत प्राप्त गर्यो ।

२००७ को प्रजातन्त्र स्थापना, २०१७ को निर्दलीय पञ्चायत, २०४७ को बहुदलीय व्यवस्था, निरङ्कुश राजतन्त्र तथा २०६२/६३ को १९ दिने जन आन्दोलनले २०६५ मा गणतन्त्र स्थापनापछि पनि नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, मधेसवादी दल, राप्रपाको नेतृत्वले अहिलेको निर्वाचन परिणामबाट राजनीतिक धक्का महसुस गरेका छन् । समयअनुसार राजनीतिक व्यवस्था परिवर्तन भए तापनि शासकहरूको चरित्र नफेरिँदा जनतामा असन्तुष्टि थिए ।

जनताको जीवनसँग मेल खाने शिक्षा प्रणाली ल्याउनुभन्दा विदेशी दातृ राष्ट्रहरूको सहयोग कुम्ल्याउनेतर्फ बढी ध्यान केन्द्रित भयो । अब बन्ने एकल बहुमतको रास्वपा सरकारले शिक्षाशास्त्रको उत्पादनलाई प्रमुख प्राथमिकता राखी देशको सन्तुलित विकासका लागि गहन छलफल गरेर छिटोभन्दा छिटो श्रम र उत्पादनसँग जोडिएको शिक्षा विधेयक ल्याउनुपर्दछ । यसको लागि केन्द्रीय तथा सङ्घीय सरकारले श्रम र उत्पादनमूलक शिक्षाको नीति निर्माणको वातावरण बनाउन जोड दिनुपर्छ ।

देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको अधिकतम प्रयोगसहित देशको समृद्धिको लागि दातृ राष्ट्रसँग हात फैलाउन नपर्ने गरी श्रम र उत्पादनसँग जोडिएको शिक्षा विधेयक ल्याउनुपर्दछ । नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको एकल अधिकार सूचीमा राखेको थियो । २०७४ को स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका २३ कार्यमात्र गर्न दिएर स्थानीय तहको कार्यक्षेत्रलाई खुम्च्याइयो । यसले गर्दा स्थानीय तहले शिक्षामा काम गरे तापनि सङ्घीय शिक्षा ऐन नभएका कारण थुप्रै समस्या निम्तियो ।

स्थानीय तहका शिक्षा ऐन, नियमावली तथा कार्यविधि शिक्षकहरूको वैयक्तिक आन्दोलनका कारण अदालतको आदेशले निष्क्रिय भएका छन् । अब बन्दै गरेको एकल बहुमतको रास्वपा सरकारले जनताको गुणस्तरीय जीवनमा सुधारको लागि शिक्षामा देखिने गरी परिवर्तन गर्न जरुरी छ ।

**शिक्षाको अधिकारमा स्थानीय सरकारको जिम्मेवारी**

नेपालको संविधानले एकल अधिकारमा राखेको आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तह सरकार सञ्चालनले २३ निर्देशनसहित काम गर्न दिएको थियो । जसले गर्दा संविधानको सङ्घीय शिक्षा ऐनमा बाझिने गरी प्रदेश तथा स्थानीय ऐन बनाउन दशकौँसम्म यतिकै रोकियो । २०७५ सालमा ल्याएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन जारी भए तापनि कार्यान्वयन हुन सकेको छैन ।

नेपाल शिक्षक महासङ्घले आन्दोलनको क्रममा स्थानीय तहलाई दिएको शिक्षाको अधिकार सङ्घीय सरकारमा फर्काउनुपर्ने माग राखेको थियो, जुन संविधान संशोधनबिना सम्भव थिएन । यदि फर्काइएको भए शिक्षाको स्तर खस्किने अवस्था छ । किनकि, स्थानीय सरकारले तालिम सञ्चालन, विद्यालयको अनुगमन, निरीक्षणजस्ता गतिविधिको सञ्चालनले शिक्षकलाई अझ बढी जिम्मेवारीको बोध गराएको थियो । स्थानीय तहलाई दिएको शिक्षाको अधिकार सङ्घीय सरकारमा फर्काउँदा स्थानीय तहले तलब वितरणबाहेक केही गर्न नपाउने हो भने शिक्षाको स्तर झन् नाजुक हुन्छ । अब बन्ने सरकारले साझा सूचीमा रहेको शिक्षालाई स्पष्ट परिभाषित गरी सङ्घीय संरचनाअनुरूप सङ्घ, प्रदेश स्थानीय तहको भूमिका पहिला प्रस्ट पारी देशको सन्तुलित विकासका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनुपर्छ ।

स्थानीय तहलाई शिक्षाशास्त्रको उत्पादन शिक्षकको रूपमा नियुक्तिको लागि सिफारिस गर्न पाउने, स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नेले स्थानीय शिक्षक राख्दा शिक्षाशास्त्रको उत्पादनलाई प्राथमिकता दिनुपर्ने, आफ्नै तहमा मात्र शिक्षकको सरुवा गर्न पाउने, पर्वहरूको स्थानीयतालाई ध्यानमा राखेर बिदा दिन पाउने अधिकार दिनुपर्छ ।

**शैक्षिक संस्थामा राजनीतिक आबद्धता**

नेपालको संविधानले हरेक नागरिकलाई राजनीतिकरूपमा आस्था राख्ने अधिकार दिन्छ । समाज परिवर्तनका संवाहक मानिने शिक्षक तथा प्राध्यापक राजनीतिका जानकार हुन्छन् । राजनीति गर्नु हुँदैन भन्ने मान्यतामा एकल बहुमतको नयाँ सरकार निर्माणको क्रममा छ । रास्वपाको वाचापत्रमा विश्वविद्यालय र विद्यालयलाई दलीय राजनीतिक गतिविधिको अखडा हुन नदिने कुरो छ ।

विद्यार्थीको विचार अभिव्यक्ति, नेतृत्व विकास र रचनात्मक सहभागितालाई प्रोत्साहन गर्न तथा लोकतान्त्रिक अभ्यासको संरक्षणसहित शैक्षिक वातावरणलाई अनुशासित र मर्यादित बनाउनुपर्छ ।

**उत्पादनमूलक शिक्षा नीति**

अबको सङ्घीय सरकारले नेपालमा उपलब्ध कृषि, पशुपन्छी, जडिबुटी, सम्पदा, पर्यटन, जलविद्युत् तथा विविध खानीहरूको औद्योगिक क्षेत्रमा आवश्यक जनशक्ति तथा कच्चा स्रोत साधनको उत्खनन गर्ने सोचसहितको श्रम र उत्पादनमूलक शिक्षा आजको आवश्यकता हो । यसले नेपाली समाजमा भएको परम्परा र संस्कृतिको क्षयीकरण कम गर्दै देशभक्त सच्चा नागरिक तयार गर्न सघाउ पुग्दछ । नेपालको समृद्धिको यात्रालाई सहयोग पुर्याउन विदेश पलायन हुने नयाँ पुस्ताका विद्यार्थी तथा युवाहरूलाई रोक्न सकिन्छ ।

**निजी विद्यालयलाई सरकारीकरण गर्नुपर्ने**

शिक्षाको उद्देश्य अज्ञानता हटाएर ज्ञानको ज्योति प्रदान गर्नु हो । यसैलाई मध्यनजर गरेर सामुदायिक वा सरकारी विद्यालय पुग्न नसकेको ठाउँमा निजी विद्यालय सञ्चालन गर्न सकिन्छ । विगतमा जनतालाई ज्ञानको ज्योति दिलाउन स्थानीय जनता प्रशासनसँग लडेर समुदायको हितको लागि सार्वजनिक विद्यालय सञ्चालन गरेर सरकारी विद्यालयको मान्यता पाएको हो । अबको सङ्घीय सरकारले निजी विद्यालयहरूले सरकारी विद्यालय नपुगेको ठाउँमा विद्यालय सञ्चालन गरेको भए ती विद्यालयलाई पनि सरकारीकरण गर्न सकिन्छ र त्यहाँ कार्यरत शिक्षकको तलब पनि सरकारले दिन सकिन्छ ।

यसर्थ, बहुसङ्ख्यक नयाँ पुस्तालाई स्वदेशमै रोजगारीको लागि उत्पादनमूलक शिक्षा नीति र योजना बनाउन वर्तमान शिक्षा विधेयकलाई नीतिगत रूपमा संशोधनसहित रास्वपा सरकारले श्रम र उत्पादनसहितको शिक्षा विधेयक वा ऐन ल्याउन जरुरी छ ।

# इरान युद्धका कारण भारतले चुकाउन सक्ने मूल्य

✍ सैफ खालिद

इरानमाथि संयुक्त राज्य अमेरिका-इजरायलले सुरु गरेको युद्ध दुई हप्ता पूरा भएको छ । युद्ध झन्झन् चर्किंदै गएको देखिन्छ । यसले विश्वव्यापी ऊर्जा सङ्कट निम्तिएको छ । इरानले मध्यपूर्वका बाँकी देशलाई पनि द्वन्द्वमा तान्ने प्रयास गरेको आरोप छ । खाडी देशले उत्पादन गर्ने अधिकांश खनिज इन्धन 'स्ट्रेट अफ होर्मुज' बाट बाहिरिएपछि मात्र विश्व बजारमा पुग्छ । अहिले इरानले यही कच्चा तेल र ग्यासको २० देखि ३० प्रतिशत हिस्सा बाहिरिने क्षेत्रलाई कब्जा गरेर प्रभावकारी रूपमा बन्द गरिदिएको छ ।

तेल र ग्यास आपूर्तिमा बाधा पुग्दा कच्चा तेलको मूल्य विश्वभर बढेको छ । यसले एसियाका विशेषतः दक्षिणपूर्वी एसियादेखि पाकिस्तानसम्म प्रभाव पारेको छ । द्वन्द्व थप तीव्र बन्दै गएमा यसबाट सबभन्दा प्रभावित हुनेमा विश्वको चौथो ठुलो अर्थतन्त्र भारत पनि एक हुनेछ, जो आफ्नो ऊर्जा आवश्यकताका लागि मात्र होइन, ठुलो सङ्ख्यामा श्रमशक्तिको रोजगारीका लागि पनि खाडीमा निर्भर छ । मध्यपूर्वमा कार्यरत विशाल सङ्ख्याको भारतीय कार्यबलले पठाउने रेमिट्यान्सले घरपरिवारदेखि अर्थतन्त्रसम्म चलायमान बनाउन ठुलो राहत प्रदान गरिरहेको छ ।

**ऊर्जाको अभाव**

भारतको ८० प्रतिशतभन्दा बढी ग्यास र ६० प्रतिशतसम्म तेल 'स्ट्रेट अफ होर्मुज'बाट आउने गर्छ । ओमानको खाडी र अरब सागरसँग जोड्ने यो साँघुरो समुद्री मार्गलाई इरानले अहिले अमेरिका र इजरायलविरुद्ध दबाब सिर्जना गर्न निसाना बनाइरहेको छ । यस जलमार्गबाट हुने जुनसुकै ढुवानीलाई निसाना बनाउने धम्की दिएर इरानले प्रभावकारी रूपमा सो भागलाई बन्द गरिदिएको छ । खाडीका तेल उत्पादकहरूसँग तेल र ग्यास ढुवानी गर्ने अन्य समुद्री विकल्प छैन । खतराबिच तेल ढुवानी गर्ने जहाजका बीमाकर्ता संस्थाले यस जलमार्गमा चल्ने ट्याङ्करका बीमा कभरेज रद्द गरेका छन् । यसबिच बुधबार भारत जाँदै गरेको थाई जहाजमा इरानले आक्रमण गरेपछि जहाज सञ्चालक थप आतङ्कित भएका छन् ।


तेलको मूल्य आइतबार प्रतिब्यारेल लगभग १२० अमेरिकी डलरसम्म पुगेर गत हप्ताभर करिब १०० डलरमा स्थिर भएको छ, जुन अझै युद्ध सुरु हुनुअघिको भन्दा करिब ४० अमेरिकी डलरभन्दा बढी हो । उता, इरानको शक्तिशाली सैन्य बल 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजीसी)' ले तेलको मूल्य प्रतिब्यारेल २०० अमेरिकी डलर पुर्याइदिने चेतावनी दिएको छ ।

'अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी ( आइईए)' को समन्वयमा यसका सदस्यले बुधबार आफ्नो रिजर्भबाट इतिहासमै उच्च परिमणको ४० करोड ब्यारेल कच्चा तेल निष्कासन गर्ने निर्णय गरे । तेलको मूल्य स्थिर पार्ने उद्देश्य चालिएको यस कदमले पनि अपेक्षित परिणाम ल्याउन सकेन । 'भारत ऊर्जा आवश्यकताको ठुलो हिस्साका लागि मध्यपूर्वमा निर्भर भएकोले यो द्वन्द्वले भारतको ऊर्जा सुरक्षामा उल्लेखनीय असर पर्नेछ,' नयाँदिल्लीस्थित अब्जर्भर रिसर्च फाउन्डेसन थिङ्क ट्याङ्कका उपाध्यक्ष हर्ष वी पन्तले भने, 'ऊर्जा बजार पहिले नै अस्थिर छ । यसले महँगी बढ्दै गएको छ, जुन पछि गएर ठुलो आर्थिक र मुद्रास्फीति दबाबमा परिणत हुनसक्छ,' उनले भने ।

भारतका होटेल र रेस्टुराँले ऊर्जाको सम्भावित वृद्धिमाथि नजर राखिरहेका छन् । ग्यास सङ्कट आउने डरले मानिसले खाना पकाउने ग्यासका सिलिन्डर भण्डारण गर्न थालिसकेका छन् । उसो त सरकारले आफूहरूसँग अझै एक महिनालाई पुग्ने ग्यास भण्डारण रहेको भनेर विश्वस्त पार्ने प्रयास गरेको छ । तर, यसले पनि मानिसलाई आश्वस्त बनाउन नसकेपछि सरकारले अनावश्यक ग्यास भण्डारणलाई निरुत्साहित गर्न आपत्कालीन उपाय अपनाउन सुरु गरेको छ ।

**खाडी क्षेत्रमा भारतीय प्रवासीको विशाल सङ्ख्या**

'खाडी सहयोग परिषद् (जीसीसी)' का देश, संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार, ओमान, कुवेत र बहराइनमा झन्डै ९१ लाख भारतीय नागरिक काम गर्छन् । उनीहरूले वार्षिक ५० अर्ब डलरको रेमिट्यान्स भारतमा रहेका आफ्ना घरपरिवारमा पठाउँछन् । 'यदि युद्ध लम्बियो भने यसले भारतको रेमिट्यान्समा धक्का लाग्नेछ । यही रेमिट्यान्सले भारतलाई व्यापार सन्तुलन कायम गर्न सहयोग पनि गरेको थियो,' पन्तले भने, 'भारतीय अर्थतन्त्रको व्यापक आर्थिक मजबुतीमै धक्का लाग्नेछ । यसैले भारतका लागि यो ऊर्जा सुरक्षाको प्रश्न मात्र होइन, यो आर्थिक सुरक्षाको पनि विषय हो ।'




खाडीभर धेरै भारतीयहरू न्यूनस्तरको काममा संलग्न छन् । यसैले युद्ध थप विकराल बन्यो भने यसले रोजगारीमै जोखिम पुर्याउन सक्छ । इरानी आक्रमणपछि अहिले खाडी क्षेत्रका कैयौँ तेल र ग्यास फर्महरूले आफ्नो काम बन्द गरेका छन् । कैयौँ भारतीय श्रमिक यो अवस्था छोटो अवधि मात्र रहने आशामा बसिरहेका छन् । 'खाडीमा काम गर्ने हरेक भारतीय नागरिकले आफ्नो देशमा कम्तीमा चारदेखि पाँचजनाको परिवारलाई पालिरहेका हुन्छन् । कम्तीमा पनि चारदेखि पाँच करोड भारतीय खाडीको रोजगारीबाट प्रत्यक्ष लाभान्वित छन्,' साउदी अरबका लागि भारतीय पूर्वराजदूत तलमिज अहमदले भने ।

इरान युद्धलाई लिएर भारत सरकारको अर्को चिन्ताको विषय खाडी क्षेत्रमा रहेका नागरिकको भौतिक सुरक्षा पनि हो । खाडी क्षेत्रमा भएको इरानी आक्रमणमा मारिनेमा भारतीयसहित धेरै एसियाली कामदार पनि छन् । यदि युद्ध नियन्त्रणबाहिर गयो भने भारतले आफ्ना देशका नागरिकलाई यस भेगबाट बाहिर निकाल्ने ठुलो चुनौतीको सामना गर्न सक्छ ।

युद्ध सुरु भएपछि पश्चिमी देशका हजारौँ प्रवासीलाई पहिले नै या त देश फर्काइएको छ वा त्यहाँबाट बाहिर निकालिएको छ । तर, भारतीय श्रमिकको विशाल सङ्ख्याले तिनको उद्धार निकै कठिन हुनेछ । खाडी क्षेत्रमा कुल तीन करोड ५० लाखभन्दा बढी प्रवासी बस्छन्, जसमध्ये भारतीयको सङ्ख्या ९१ लाख छ । यस भेगको मुख्य आर्थिक क्रियाकलाप हुने तेल उत्पादनदेखि उड्डयन क्षेत्रमा उनीहरू कार्यरत छन् । भारतीयपछि दोस्रो सबैभन्दा बढी आप्रवासी पाकिस्तानी छन्, जसमा करिब आधा अर्थात् ४९ लाख छन् ।

भारतीय पूर्वराजदूत अहमदका अनुसार युद्धको अवस्थामा भारतसहित कुनै पनि देशले नब्बे लाखदेखि एक करोड मानिसको उद्धार गर्न सक्दैन । तथापि, भारतले विगतमा केही ठुला द्वन्द्वमा आफ्ना नागरिकलाई सफलतापूर्वक उद्धार गरेको उदाहरण रहेको औँल्याए । सन् १९९१ को खाडी युद्धमा अहमद जेद्दामा भारतका कन्सुल जनरल हुँदा त्यस्तै उद्धार भएको थियो । त्यसको एक वर्षअघि सन् १९९० मा इराकले छिमेकी कुवेतमा आक्रमण गर्दा लगभग दुई लाख भारतीय नागरिक उद्धार गरेको थियो ।

त्यस्तै सन् २००३ मा इराकमा अमेरिकी आक्रमण सुरु गर्दा अहमद रियादमा राजदूत बनिसकेका थिए । त्यतिबेला भारतीय दूतावासले गरेका आकस्मिक योजनाबारे सम्झँदै अहमदले भने, "हामीले हल्ला नगरी विभिन्न तयारी गर्यौं । बास, पाल, कम्बल र खानपानको व्यवस्था गरिएको थियो । हामी इराकी सीमा पार गरेर आउन सक्ने हजारौँ भारतीयलाई स्वागत गर्न पूर्ण रूपमा तयार थियौँ । मुख्य कुरा तयारी नै हो ।"

अहिलेको सङ्कटका लागि भारतको विदेश मन्त्रालयले विकसित परिस्थितिबारे आइरहेका प्रश्न लिन र जवाफ दिन एक विशेष नियन्त्रण कक्ष स्थापना गरेको छ । त्यस्तै, त्यस भेगका भारतीय दूतावास र वाणिज्य दूतावासले आवश्यकतामा परेका भारतीय नागरिकलाई सहयोग गर्न चौबीसै घण्टा हेल्पलाइन स्थापना गरेका छन् । भारतीय दूतावासले व्यावसायिक उडान मात्र नभई गैरतालिकाका उडानमार्फत समेत फसेका भारतीयलाई फिर्ता गर्न प्रयास गर्दै छ ।

**भारतको प्रमुख चासो के छ ?**

अब्जर्भर रिसर्च फाउन्डेसनका पन्तले युद्ध जुन रूपमा बढे पनि मध्यपूर्वी तेलमाथिको भारतको उच्च निर्भरता कायम नै रहने र द्वन्द्व फैलिएमा वैकल्पिक स्रोतहरू खोज्नुपर्ने हुन सक्ने बताए । "तत्कालका लागि रुसी तेल एक विकल्प हुनेछ । ऊर्जाको प्रश्नमा पनि अमेरिकासमेत सम्भावित विक्रेता हुनसक्छ । भारतले पछिल्लो दशकमा अमेरिकाबाट ऊर्जा खरिद गर्दै आएको छ । बिस्तारै अमेरिकाको भूमिका बढ्दै गएको छ," पन्तले भने ।

भारतको प्रमुख विपक्षी दल काङ्ग्रेसले इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्यामा मौन रहेकोमा सरकारको आलोचना गरेको छ । भारतले खामेनीको हत्यामा कुनै वक्तव्य जारी गरेन । यद्यपि, शोक पुस्तिकामा हस्ताक्षर गर्न भारतका विदेश सचिव नयाँदिल्लीस्थित इरानी दूतावास पुगेका थिए । जबकि, नयाँदिल्लीले खाडी राष्ट्रमा इरानी आक्रमणको निन्दा गरेको छ, जोसँग यसको घनिष्ठ आर्थिक सम्बन्ध छ ।

त्यस्तै, नयाँदिल्ली आफैँले आयोजना गरेको सैन्य अभ्यासमा भाग लिएर स्वदेश फर्किरहेको बेला अमेरिकी पनडुब्बीबाट इरानी युद्धपोत डुबाएको घटनाको निन्दा गर्न अस्वीकार गर्दा पनि आलोचनाको सामना गर्नुपरेको छ । जहाज श्रीलङ्काको तटबाट केही पर पुग्दा त्यसमाथि अमेरिकाले आक्रमण गरेको थियो । तथापि, भारतले दोस्रो इरानी युद्धपोतलाई भने देशमै आश्रय दिएको छ । सो जहाज पनि भारतीय अभ्यासमा पनि सामेल भएर फर्किने कार्यतालिका थियो । बिहीबार मात्र मोदीले इरानी राष्ट्रपति मसुद पेजेस्कियनसँग फोनवार्ता गरे । यो युद्ध सुरु भएदेखि दुई नेताबिचको पहिलो कुराकानी हो ।

तथापि, विपक्षी दल र मोदीका आलोचकले इरानमा अमेरिका-इजरायल आक्रमणभन्दा केही दिनअघि मात्रै मोदीको इजरायल भ्रमणको समयमाथि प्रश्न उठाएका छन् । भारत अहिले इजरायली हतियारको सबैभन्दा ठुलो खरिदकर्ता मुलुक हो । त्यस्तै आलोचकले मोदीको इजरायल भ्रमणले गाजामाथिको युद्ध अपराधका लागि 'अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी)' द्वारा जारी पक्राउ वारेन्टको सामना गरिरहेका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई वैधता दिएको आरोप लगाए । तथापि, पन्तले अहिले भारत सरकारले लिएको विदेशनीति अडानलाई समर्थन गरे । 'पछिल्ला केही वर्षको अवधिमा अरब राज्य र इजरायलसँग भारतको सम्बन्ध निकै अघि बढेकाले यस भेगमा भारत-इरान सम्बन्धलाई त्यो स्तरमा कायम गर्न गाह्रो भएको छ । भारतले जमिनको वास्तविकताप्रति प्रतिक्रिया दिइरहेको छ, जसले गर्दा भारतको चाखमा अहिले अरब विश्व र इजरायलसँगको सम्बन्ध हाबी छ, इरान होइन,' पन्तले भने ।

***(खालिद अलजजिरामा आबद्ध स्तम्भकार हुन् ।)***

***- अलजजिराबाट***



भक्तपुरको टौमढी टोलमा बिस्का जात्राको निम्ति भैरवनाथको रथ बनाउने तयारी गरिरहेका कालिगढहरूसित कुराकानी गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भनपा वडा नं ५ का वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छैं आइतबार । चैत्र महिनाको अन्तिम हप्ता र वैशाखको पहिलो हप्तामा आठ दिन नौरात मनाइने बिस्का जात्रामा भैरवनाथको रथ केन्द्रमा रहने गर्दछ । *तस्बिर : मजदुर दैनिक*

# चीनद्वारा नयाँ उपग्रह ‘याओगान–५०–०२’ प्रक्षेपण

ताइयुआन, २ चैत (सिन्ह्वा) । चीनले उत्तरी चीनको शान्सी प्रान्तस्थित ताइयुआन उपग्रह प्रक्षेपण केन्द्रबाट आइतबार सफलतापूर्वक नयाँ उपग्रह ‘याओगान–५०–०२’ प्रक्षेपण गरेको छ ।

उक्त उपग्रहलाई राति ९:२२ बजे स्थानीय समयअनुसार परिमार्जित लङ मार्च–६ वाहक रकेटमार्फत अन्तरिक्षमा पठाइएको हो । प्रक्षेपणपछि उपग्रहले आफ्नो निर्धारित कक्षमा प्रवेश गरिसकेको र सम्पूर्ण प्रक्षेपण अभियान पूर्ण सफल भएको जानकारी चीनको अन्तरिक्ष विभागले दिएको छ ।

‘याओगान–५०–०२’ उपग्रहको मुख्य उद्देश्य भू–सर्वेक्षण, बाली उत्पादनको अनुमान र प्राकृतिक विपद् रोकथाम तथा राहत कार्यमा सहयोग पुर्‍याउनु रहेको छ । यसले चीनमा कृषि, वातावरण व्यवस्थापन, भू–सम्पदा निगरानी र विपद् व्यवस्थापन क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ ।

यो प्रक्षेपण लङ मार्च वाहक रकेट श्रृङ्खलाको ६३३ औँ उडान अभियान भएको बताइएको छ । लङ मार्च रकेट श्रृङ्खला चीनको अन्तरिक्ष कार्यक्रमका मुख्य स्तम्भमध्ये एक मानिन्छ र यसले उपग्रह प्रक्षेपण र अन्तरिक्ष अन्वेषणका विभिन्न परियोजनाहरूमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

चीनले पछिल्ला वर्षहरूमा आफ्नो अन्तरिक्ष कार्यक्रममा तीव्र प्रगति गरिरहेको छ । यस प्रक्षेपणसँगै चीनले आफ्नो उपग्रह क्षमता बलियो बनाउँदै वैश्विक भू–सर्वेक्षण, कृषि तथा आपत्कालीन व्यवस्थापन क्षेत्रमा उच्च स्तरको डेटा उपलब्ध गराउने लक्ष्य राखेको छ ।

प्रक्षेपणको क्रममा प्रयोग गरिएको परिमार्जित लङ मार्च–६ रकेटले उपग्रहलाई सुरक्षित रूपमा निर्धारित कक्षमा पुर्‍याएको र आगामी समयमा यसले नियमित रूपमा जानकारी सङ्कलन गरी चीनको नीति तथा अनुसन्धान क्षेत्रमा सहयोग पुर्‍याउने बताइएको छ ।

यस प्रक्षेपणले चीनको अन्तरिक्ष कार्यक्रमको दायरा र क्षमतामा थप विस्तार गरेको देखिन्छ, साथै देशको सामरिक तथा वैज्ञानिक उपग्रह प्रणालीमा आत्मनिर्भरता बढाउने दिशामा ठुलो कदम भएको विश्लेषकहरूले बताएका छन् ।

***होर्मुज...***

एम्मा फुटर्लेबले इन्धन महँगिएपछि आफ्नो बजेटमा दबाब परेको बताए । “यसले हाम्रो खर्चमा सीधा असर गरेको छ”, उनले भने ।

उता तेहरानमा भने युद्ध सुरु भएको केही दिनपछि जीवन क्रमशः सामान्य बन्न थालेको देखिएको छ । गत हप्ताको तुलनामा सहरमा यातायात चहलपहल बढेको छ र केही क्याफे तथा रेस्टुरेन्ट पुनः सञ्चालनमा आएका छन् । फारसी नयाँ वर्ष नौरुज नजिकिँदै गर्दा लोकप्रिय ताजरिश बजारका धेरै स्टलहरू खुल्न थालेका छन् । नगद निकाल्न एटीएमहरूमा लामो लाइन देखिएको छ भने देशकै ठुलो बैङ्क मेलीको अनलाइन सेवा केही दिनदेखि अवरुद्ध भएको जनाइएको छ ।

राजधानी बाहिरका क्षेत्रहरूमा पनि समान अवस्था देखिएको छ । क्यास्पियन सागर किनारको मजन्दरान प्रान्तस्थित टोनेकाबोन सहरका ४९ वर्षीय अलीले पसलहरू खुला र भीडभाड रहेको बताए । यद्यपि मूल्य बढेको अनुभव भइरहेको उनको भनाइ छ । उनका अनुसार मुख्य चोक भने हरेक रात बन्द गरिन्छ र सरकारी प्रदर्शनहरू आयोजना भइरहेका छन् । बाह्य इन्टरनेट सेवा बन्द भएकाले देशभित्रको इन्ट्रानेट मात्रै चलिरहेको बताइएको छ ।

इरानी स्वास्थ्य मन्त्रालयका अनुसार अमेरिका र इजरायलका आक्रमणबाट हालसम्म एक हजार २०० भन्दा बढी मानिसको मृत्यु भएको छ, यद्यपि यो तथ्याङ्क स्वतन्त्र रूपमा पुष्टि हुन सकेको छैन । संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले इरानभित्र करिब ३२ लाख मानिस विस्थापित भएको जनाएको छ ।

# सोह्र औषधि पसल निलम्बनमा

नेपालगन्ज, २ चैत । औषधि व्यवस्था विभाग, नेपालगन्जले आठ महिनाको अवधिमा १६ औषधि पसललाई निलम्बन गरेको छ । निलम्बनमा परेकामध्ये ११ औषधि पसल बाँकेका र पाँच औषधि पसल कैलालीका रहेका छन् ।

औषधि व्यवस्था विभाग, नेपालगन्जका सूचना अधिकारी दीपा पौडेलका अनुसार आर्थिक वर्ष २०८३/८३ को साउनदेखि फागुनसम्मको अवधिमा ती पसललाई निलम्बन गरेर कारबाही गरिएको हो । अनुगमनका क्रममा व्यवसायी उपस्थित नभएको, बिनादर्ता औषधि पसल सञ्चालन गरेको, म्याद नाघेका औषधि फेला परेको लगायतका कैफियत देखिएपछि ती पसल निलम्बनमा परेका उहाँले बताउनुभयो ।

अनुगमनपछि १४ मुद्दासमेत अदालतमा दर्ता गरिएको छ । विभागका फार्मेसी सुपरभाइजर निरीक्षक दिनेशराज न्यौपानेका अनुसार बिनाइजाजत औषधि पसल सञ्चालन गर्ने, दर्ता नभएका औषधिबिना अनुमति पैठारी गर्ने, अवैध रूपमा औषधि आयात गर्ने तथा औषधिको अनुचित प्रयोग वा दुरूपयोग गर्नेजस्ता कसुरमा मुद्दा दर्ता भएका हुन् । औषधी ऐन २०३५ बमोजिम दफा १० को अनुसूचि ९ बमोजिम कसुरअनुसार उनीहरूमाथि कारबाही हुनेछ ।

यसैगरी, विभागले कार्यालयमा आउने उजुरीको फछ्र्यौटमा पनि सक्रियता देखाएको छ । स्थानीय प्रशासनबाट प्राप्त चारवटै उजुरीको फछ्र्यौट गरिसकिएको छ भने नागरिकबाट आएका ६ वटा उजुरीमध्ये चारवटा उजुरीको टुङ्गो लगाइसकिएको फार्मेसी सुपरभाइजर न्यौपानेले जानकारी दिनुभयो । यस अवधिमा शाखा कार्यालय नेपालगन्जले बजार अनुगमनका क्रममा सङ्कलन गरिएका ४५ प्रकारका औषधि गुणस्तर परीक्षणका लागि काठमाडौँ पठाएको छ ।

औषधि व्यवस्था विभागले चालु आर्थिक वर्ष २०८२/८३ को फागुन महिनासम्म ४४१ औषधि पसलको अनुगमन तथा निरीक्षण गरेको थियो । सो शाखाले लुम्बिनी प्रदेशका ६ जिल्ला बाँके, बर्दिया, दाङ, पूर्वी रुकुम, प्यूठान र रोल्पासहित कर्णाली र सुदूरपश्चिम प्रदेशका सबै जिल्लामा रहेका औषधि पसलको अनुगमन तथा निरीक्षणको जिम्मेवारी सम्हाल्दै आएको छ । कुल २५ जिल्लाको नियमन तथा निरीक्षण गर्ने जिम्मेवारी पाएको औषधि व्यवस्था विभाग नेपालगन्जमा प्राविधिक र अप्राविधिक गरेर कुल आठ जनाको दरबन्दी रहेको छ । ***रासस***


## हार्दिक समवेदना



जन्म : २०१०।०३।२५
निधन : २०८२।१०।२९

यस संस्थाको सदस्यता नं १७०४ का सदस्य **गंसकुमारी प्रजापति**को असामयिक निधन भएकोले दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह-९, भक्तपुर

## हार्दिक समवेदना



जन्म: २०२३/१२/२१
निधन: २०८२/११/२९

भक्तपुर जिल्ला भ.न.पा. वडा नं. ८ जैंला टोल (हाल भ.न.पा. १० कमलविनायक) बस्ने यस संस्थाका सदस्यता नं. ६४१ का सदस्य **विष्णुकेशरी सुवाल खायमली**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं।

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ज्येष्ठ सदस्य सम्मान कार्यक्रमसम्बन्धी सूचना

**२०८२ वैशाखदेखि चैत्र मसान्तसम्ममा ७० वर्ष पुगेका यस संस्थाका ज्येष्ठ सदस्य एवं बचतकर्ताहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा नेमकिपाका केन्द्रीय अध्यक्ष एवं बरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा हुने ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा उपस्थित हुन सम्बन्धित सम्पूर्ण ज्येष्ठ सदस्यहरुलाई अनुरोध गरिएको छ ।**

**ज्येष्ठ सदस्य सम्मान कार्यक्रम**



**मिति** : २०८२/१२/१४ गते, शनिबार
**समय** : बिहान ११:४५ बजेदेखि
**स्थान** : संस्थाको तालिम हल, खँचा

***पुनश्च : सोही दिन बिहान १० बजेदेखि ज्येष्ठ सदस्यहरुलाई सामान्य स्वास्थ्य परीक्षणका साथै औषधि पनि वितरण हुने जानकारी गराइन्छ ।***

**सञ्चालक समिति**

### गतिविधि





संस्थाको अध्ययन अवलोकन भ्रमणमा आउनु भएका धुलिखेल ४, काभ्रेपलाञ्चोकस्थित अटल पाँचकुण्ड साकोसका प्रतिनिधिलाई संस्थाको प्रकाशन हस्तान्तरण गर्नुहुँदै अध्यक्ष रुद्रनारायण लाखा र भ्रमणका सहभागिहरू ।

‘सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश’

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE
Certified By ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा